# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क २१ पूर्णाङ्क ११९ | २०७५ मंसिर ३ गते सोमबार | Monday, Nov. 19, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी माओवादीको ब्यूरो बैठकहरू धमाधम बस्दै



काठमाडौं । मंसिर १२ गतेबाट बुटबलमा सुरु हुने क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको बैठकको तयारीका लागि अहिले पार्टीका पाँचवटै व्यूरोको बैठक बसिरहेको छ । पूर्वी, मध्य, पश्चिम, सुदुरपश्चिम र विदेश गरी सबै व्यूरोको बैठक बसिरहेको स्रोतले जनायो । विगत केसको बैठकले लिएका निर्णय कार्यान्वयनको समीक्षा र आगामी योजना निर्माणका लागि बैठकहरूले व्यापक छलफलपश्चात प्रस्ताव तयार पार्ने बुझिइएको छ । पार्टीले अब मूलतः संघर्षका योजना निर्माणमा जोड दिने बताइएको छ ।

# सूचना लुकाउने अर्को जनविरोधी तुरुप

● वर्गदृष्टि संवाददाता

काठमाडौं । केपी शर्मा ओली नेतृत्वको सरकारले जनताको सूसुचित हुन पाउने सूचनाको हकसम्बन्धी कानुनलाई निष्काम पार्ने गरी सरकारी निकायहरूमा सुचना लुकाउन निर्देशन जारी गरेको छ । सरकारले मन्त्रिपरिषद्मा लगिएका विषय र विचाराधीन प्रस्ताव, संवैधानिक परिषद्का सिफारिसहरू, मन्त्रिपरिषद्ले गरेको राजदूतको सिफारिस, संसद्ले राष्ट्रपतिलाई गरेका सिफारिस, अख्तियार या प्रहरीले अनुसन्धान तहकिकात गरिरहेका विषयहरू, एयरपोर्ट, रेडियो तथा टेलिभिजन स्टेसन, भन्सार चेकपोस्ट, दूरसञ्चार, विद्युत् गृह, सिँचाइ, नहर, पुल, पेट्रोलियम पदार्थको भण्डारण व्यवस्था, सुख्खा बन्दरगाहको डिजाइन र नक्सासम्बन्धी विवरणलगायत १४० प्रकारका सूचना गोप्य राख्न सरकारी कार्यालयहरूमा सर्कुलर जारी गरेको छ ।



सूचनाको हकसम्बन्धी ऐनले भने सार्वभौमसत्ताको अखण्डता, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, साम्प्रदायिक सद्भाव भड्काउने, व्यक्तिगत गोपनीयतासम्बन्धी लगायतसम्बन्धी सुचनालाई मात्र गोप्य राखेको छ । ओली सरकारले भने सूचनाको हकसम्बन्धी ऐन २०६४ को अपव्याख्या गर्दै सरकारले गोप्य राख्ने र सार्वजनिक गर्ने सूचनाको वर्गीकरणका नाममा पञ्चायतकालीन र अधिनायकवादी शासनमा जस्तै जनताको सुसूचित हुने हकमाथि अंकुश लगाएको छ ।

सूचनाको हकसम्बन्धी ऐनको दफा ३ मा मुलुकको सार्वभौमसत्ता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था र अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, साम्प्रदायिक सद्भाव भड्काउने र व्यक्तिगत गोपनीयतासम्बन्धी केही विषयलाई मात्र गोप्य सूचनामा वर्गीकरण गरिएकामा त्यसको अपव्याख्या गर्दै सरकारले पारदर्शी राख्नुपर्ने खाले सूचनामा समेत सार्वजनिक सञ्चार माध्यम र आमजनताले पाउनुपर्ने पहुँचमा प्रतिबन्ध लगाएको हो ।

सूचनाको हकसम्बन्धी कानुनअनुसार मुख्यसचिव माधव घिमिरेको संयोजकत्वमा गठित समितिले पञ्चायती मानसिकता राखी गोप्य राख्नुपर्ने सूचनाको संख्या र प्रकार बढाई अन्तरिम संविधान र कानुनले दिएको लोकतान्त्रिक अधिकार तथा सूचनाको हकलाई समेत कुण्ठित गरेको हो ।

लोकतान्त्रिक सरकारका कामकारबाही पारदर्शी हुने, त्यसमाथि सर्वसाधारणले आफ्नो सरकारले राम्रा/नराम्रा कस्तो काम गऱ्यो भनेर मूल्यांकन गर्ने र सार्वजनिक टीकाटिप्पणी गर्न पाउने संवैधानिक हकमाथि समेत सूचनाको वर्गीकरणले बन्देज लगाएको छ ।

जुनसुकै लोकतान्त्रिक मुलुकमा सरकारले गर्न लागेका काम, तर्जुमा गरेका कानुन, नीतिनियमको मस्यौदा सार्वजनिक गर्ने, त्यसमा सर्वसाधारण तथा सम्बन्धित क्षेत्रका विज्ञबाट प्रतिक्रिया र रायसुझाव लिने, त्यसैका आधारमा आफूले गर्न लागेका कामको मूल्यांकन गर्ने परिपाटी हुन्छ । तर, सूचनाको वर्गीकरणका माध्यमबाट सरकारले गर्न लागेका सबै काम निर्णय नभइन्जेलसम्म प्रतिबन्ध लगाएर सर्वसाधारण जनता र सम्बन्धित क्षेत्रका विज्ञको पहिल्यै सूचना पाएर त्यसमा प्रतिक्रिया, रायसुझाव दिन पाउने संवैधानिक हकमाथि प्रतिबन्ध लगाएको छ । धेरैजसो सूचना बिना कारण ३० वर्षसम्मका लागि गोप्य राख्नुपर्ने व्यवस्था गरिएको छ ।

सरकारका विभिन्न निकायले कानुनी विषयमा कानुन मन्त्रालय, निजामती प्रशासनका विषयमा सामान्य प्रशासन मन्त्रालय र लोकसेवा आयोग तथा वित्तीय विषयमा अर्थमन्त्रालय या राष्ट्र बैंकसित राय लिने चलन छ, तर सूचनाको वर्गीकरणमा कानुनी, प्रशासनिक र वित्तीय रायलाई समेत गोप्य राख्नुपर्ने व्यवस्था गरिएको छ ।

सरकारी स्वामित्वका संस्थान, समिति, निगम आदि संगठित संस्थाको व्यापारिक योजना तथा रणनीतिलाई समेत तीस वर्षसम्म गोप्य राख्नुपर्ने व्यवस्था गरिएको छ । जनताको करबाट स्थापित सरकारी संस्थानका व्यापारिक योजना र रणनीतिका ...बाँकी ५ पेजमा

## बिगेसोको देउसी भैलो कार्यक्रम सम्पन्न

काठमाडौं । बिगेसोको पाँच दिने देउसीभैलो कार्यक्रम नखीपोटको मिलनचोकमा आइतवार भव्य रूपमा सम्पन्न भएको छ । कार्यक्रमका अध्यक्ष तथा बिगेसोका सभापति पदमसुन्दर लिम्बुले उक्त कार्यक्रम भव्य र सभ्य रूपमा सम्पन्न भएको बताएका छन् । उनले यो कार्यक्रमले बिगेसोलाई भावनात्मक र सांस्कृतिक माध्यमबाट जनताका बीचमा पुर्याउन सहयोग गरेको बताएका थिए ।

नखिपोटको मिलन चोकमा राती १०.० बजे समापन भएको देउसी भैलोका प्रमुख अतिथि तथा नेकपा (क्रान्तिकारी माओवादी) का नेता परि थापाले संगठनलाई जनताका बीचमा स्थापित गर्न संस्कृतिको माध्यमलाई रोज्नु आफैमा रोचक र आकर्षक दुवै भएको कुरामाथि प्रकाश पारेका थिए । भोकप्यासको वास्ता नगरी पाँच दिनसम्म लगातार देउसी भैलोमा खटेका सबै सहभागीहरूलाई हार्दिक धन्यवाद पनि दिएका थिए ।

देउसी भैलोको सुरुदेखि समापन समारोहसम्म अहोरात्र खटेका अतिथिहरू, सहभागीहरू, कलाकार साथीहरू सबैलाई धन्यवाद दिँदै काठमाडौं उपत्यकाका तीनै जिल्लाका जनता तथा सहभागी सबैलाई कार्यक्रमका अध्यक्ष पदम लिम्बुले हार्दिक आभारसमेत् व्यक्त गरेका थिए ।

कार्यक्रममा चर्चित राष्ट्रिय कलाकार तथा देउसीभैलो कला संयोजक मनु नेम्वाङ , कलाकार विसाल योञ्जन, देशु सुहाङ आदिको उपस्थिति रहेको थियो ।

कार्यक्रममा चलचित्र कर्मीहरू, राष्ट्रिय चलचित्र पुरस्कार तथा सम्मान प्राप्त डाइरेक्टर तथा पत्रकार चन्द्र वाम्बुले, डाइरेक्टर सोमनाथ भट्टराई, चलचित्र निर्मात्री खेजु राई, डिल्ली बोहरा, विद्यार्थी नेता शिलु न्यौपाने रहेका थिए । अन्य अतिथिहरूमा क्रान्तिकारी माओवादीका नेता सीताराम तामाङ, नेता नगेन्द्र राई र वकिल फणिन्द कार्की रहेका थिए ।

देउसीभैलो कार्यक्रम बेलायतमा पनि भव्यताका साथ खेलेर मनाइएको विगेसोका सभापति पदमसुन्दर लिम्बुले बताएका छन् ।

## पार्टी, देजमो र नेवाः मोर्चाद्वारा ने.सं. ११३९ को अवसरमा शुभकामना व्यक्त

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल र नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालले छुट्टा छुट्टै नेपाली र नेपाल भाषामा वक्तव्य जारी गरी जनसमुदायमा शुभकामना दिएका छन् । क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले पार्टीको तर्फबाट जारी गरेको वक्तव्यमा भनिएको छ, "अहिले देशमा एघार सय उनान्चालीसौं नेपाल सम्बत् समाहरोह मनाइदै छ । नेपाल सम्बत्सित यसका प्रवर्तक शंखधर साख्वाःको नाम जोडिएको छ । कुनै राजा, महाराजा वा व्यक्ति नभई देशको नामबाट संबतको नाम राखिनू अत्यन्तै गौरवको विषय हो । शंखधर साख्वाःले जनतालाई कार्तिक शुक्ल प्रतिपदामा ऋण मुक्त गरेको खुशियालीमा सोही दिनबाट नेपाल संबत्को शुभारम्भ भएको हो ।



नेपाली काँग्रेसको सरकारको पालामा शंखधर साख्वाःलाई राष्ट्रिय विभूति र माओवादी सरकारका पालामा नेपाल संबत्लाई राष्ट्रिय संबत्का रूपमा घोषणा गरिनु हाम्रा लागि गर्वको विषय हो । शंखधर साख्वाःबाट उठाइएको राष्ट्रिय स्वाभिमान, राष्ट्रिय पहिचान र उत्पीडित वर्ग, जाति तथा समुदायको मुक्ति अभियान अझै पुरा भएको छैन । हामी नेपाल संबत्को ११३९ सौं वर्ष प्रवेशका शुभउपलक्ष्यमा सबै उत्पीडित समुदाय र श्रमजीवी वर्गको स्वतन्त्रता, मुक्ति र देशको सर्वभौमिकताको अभियान अझै सशक्त रूपमा अगाडि बढ्नका लागि जनसमुदायमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।" ...बाँकी ७ पेजमा

## कम्युनिस्ट आन्दोलनका अग्रज व्यक्तित्व जगतबहादुर श्रेष्ठलाई गरियो नागरिक अभिनन्दन



चितवन । नेकपा (क्रान्तिकारी माओवादी) चितवनको पहलमा नेपाली कम्युनिस्ट आन्दोलनका अग्रज व्यक्तित्व जगतबहादुर श्रेष्ठलाई नागरिक अभिनन्दन गरिएको छ । श्रेष्ठका सहकर्मी यमुनाप्रसाद न्यौपानेको नेतृत्वमा बनेको नागरिक अभिनन्दन मूल समितिको आयोजनामा बुधबार (२८ कार्तिक) भरतपुर स्थित उद्योग वाणिज्य संघको सभाहलमा जगतबहादुर श्रेष्ठलाई अभिनन्दन गरिएको हो ।

चितवन कम्युनिस्ट पार्टीका संस्थापक नेता समेत रहनुभएका जगतबहादुर ...बाँकी ८ पेजमा

## निर्मलाको न्यायको लागि जारी अनिश्चितकालीन अनशनमा क्रान्तिकारी माओवादीको ऐक्यबद्धता



● धनन्जय अवस्थी

कञ्चनपुर । कञ्चनपुरकी निर्मला पन्तको हत्या भएको एक सय बाह्र दिन पुग्दासम्म पनि राज्यले अपराधीहरूलाई पक्राउ गरी कारवाहीको दायरामा नल्याएको भन्दै कञ्चनपुरमा न्यायका जारी अनिश्चितकालीन अनशनमा क्रान्तिकारी माओवादीले ऐक्यबद्धता जाहेर गरेको छ ।

पन्तको हत्यारा पत्ता लगाई कडा कारवाही गर्न माग सहित पछिल्लो पटक परिवार, सामाजिक, अधिकारवादी संघ, संगठनहरू र राजनीतिक दलहरूको संयुक्त अगुवाईमा विभिन्न ढंगका दवावमूलक कार्यक्रमहरू भइरहेका छन् ।

अनिश्चितकालीन अनशनप्रति नेकपा (क्रान्तिकारी माओवादी) कञ्चनपुरले आफ्नो पूर्ण एक्यवद्धता रहेको जनाएको छ । अनशन स्थलमा पुगेर मंगलबार ...बाँकी ७ पेजमा

# वर्ग संघर्ष इतिहासको चालक शक्ति

● अटल ●

*प्रतिक्रियावादी सत्ता र सरकार संचालक कथित 'वाम' सरकारविरुद्ध संघर्षका कार्यक्रम अगाडि बढाउन नेपाली वामपन्थी जनमतमा जुन भ्रम खडा छ, त्यसलाई चिर्दै संघर्षका कार्यक्रम अगाडि बढाउन जरुरी छ। वर्ग संघर्षको आजको यो मूल कार्यभार हो। यही कार्यभार पूरा गरेर वर्गसंघर्ष अगाडि बढाउँदै समाजलाई गतिशील र उद्वेलित बनाउनु र समाजलाई प्रगतिशील दिशातर्फ चलायमान गराउनु नै आजको वर्ग-संघर्षको कार्यभार हो।*

हामी सबैलाई थाह भएको कुरा हो कि संसारका रहेक वस्तुहरूको अस्तित्व विपरीत तत्वहरूको एकता र संघर्षमा टिकेको छ । ती वस्तुहरू जतिसुकै ठूला अजंगका वस्तु हुन् वा अणुका ससाना टुक्राहरू पनि, ती विपरीतहरूको एकत्व हुन् । विज्ञानका अनगिन्ती शाखामध्ये सबैभन्दा जटिल विज्ञान भनेको समाज विज्ञान हो । अरु विज्ञानका ट्याक्क जवाफ वा प्रतिफल आउँछन् । सबै मानिसले सजिलै स्वीकार गर्छन् । तर्कको आधारमा प्रमाणित भएपनि मानिसले खण्डन गर्न अघि सर्छन् ।

त्यसै भएर महान् लेनिनले मार्क्सवाद र संशोधनवाद लेखको पहिलो लाइनमै "यदि मानिसको जीवनमा प्रभाव पार्ने भए रेखा गणितको स्वयम्सिद्ध तथ्यको पनि मानिसले खण्डन गर्न तम्सिन्थ्यो" भन्नुभएको छ । समाज विज्ञानको अकाट्य नियम, वर्गसंघर्ष, बल प्रयोगद्वारा वर्गीय शासनको परिवर्तन, सर्वहारा वर्गको अधिनायकत्व, निरन्तर क्रान्ति जस्ता विषय मानिसको इच्छाभन्दा बाहिर स्वतन्त्र वस्तुगत रूपमा नियमबद्ध हुन्छन् । वर्गको उत्पत्ति भएदेखि वर्गसंघर्ष चलिरहेको छ र एक वर्गले अर्को वर्गमाथि अधिनायकत्व लगाउँदै आइरहेको छ । मार्क्सले वर्गसंघर्षको आविष्कार आफूले गरेको नभई इतिहासको भौतिकवादी अध्ययन, वर्गको उत्पत्ति भएदेखि गरिएका वर्गसंघर्षको व्यवस्थित रूपमा मैले उजागार गरेका" भनेर उल्लेख गर्नुभएको छ । त्यसकै जगमा टेकेर लेनिनले जसले वर्ग संघर्ष मात्र मान्दछ, ऊ कम्युनिस्ट हुन सक्तैन र जसले वर्ग संघर्षलाई सर्वहारा अधिनायकत्वसम्म पुऱ्याउँदैन, ऊ कम्युनिस्ट हुनै सक्तैन" भन्नुभएको छ ।

आज कम्युनिस्टका नाममा विभिन्न कम्युनिस्टहरू जन्मिएका छन् । पूर्व, पश्चिम, उत्तर दक्षिण नामधारी यस्ता कम्युनिस्टहरूले उत्तर आधुनिकता नाममा विषयलाई टुक्राउने, अखण्ड, विश्व ब्रह्माण्डलाई अन्धाले हात्ती छामे जसरी वस्तुलाई टुक्राटुक्रा पारेर संग्लो वस्तु चिन्न बुझ्न र देख्न नसक्ने असफल प्रयत्न गर्ने गरेको छन् । पञ्चायती व्यवस्थाले "वर्ग-समन्वयको ...बाँकी ७ पेजमा

## सम्पादकीय

# निद्रामा अख्तियार

अख्तियार दुरूपयोग अनुसन्धान आयोग नेपालको अख्तियारी प्राप्त भ्रष्टाचार नियन्त्रण निवारण गर्ने हेतुले स्थापित स्वायत्त संस्था हो । यसको खर्चपर्चको बजेट, प्रमुखसहित अन्य कर्मचारीहरूको नियुक्ति र समबद्धताका हिसाबले सरकारसँग रहने भए पनि यसले गर्ने काम संविधानतः स्वयत्त रहने भनी तोकिएको छ । यसको अर्थ हो यो संस्था शक्तिसम्पन्न स्वायत्त संस्था हो ।

तर पछिल्लो चरणमा आएर अख्तियारका बारेमा केही गम्भीर प्रश्नहरू जनस्तरमा नै उठ्न र उठाउन थालिएका छन् । यी प्रश्नहरू अख्तियारले काम छाडेर घाम ताप्न थालेपछि उठ्न थालेका हुन् । देशमा दुईतिहाईको सरकार नै निकम्मा र भ्रष्टाचारी तथा कमिसनखोरी बन्दै गएपछि जनताले अख्तियारको हालचाल पनि बुझ्न चाहेका हुन् । अख्तियार प्राप्त प्रधानमन्त्री, मन्त्रीहरू, कर्मचारीहरू, प्रहरी प्रशासकहरू तथा ठेकेदारहरू तथा विचौलियाहरूले देश डुबाउन थालेपछि उजुरी तथा सहाराका लागि आधिकारिक निकाय को हुन सक्छ भनी अख्तियारतिर फर्कन थालेका छन् ।

तर जनताको आशा, अपेक्षा र भावनाअनुसार अख्तियार रहेको देखिदैन । उपभोक्ता बजारमा दिनहुँ ठगीको धन्दा चलिरहेको छ । अख्तियारले आफ्नो तर्फबाट स्वतन्त्र अनुसन्धान गरिरहेको छ कि छैन ? बिक्रेताहरूसँग, व्यापारीहरूसँग, उद्योगपतिहरूसँग बार्गेनिङ गरेर प्रधानमन्त्री र मन्त्रीहरूले कमिसन लिइरहेका छन्, यसको हेक्का छ कि छैन ? बजारभाउ मनपरि छ यसको लेखाजोखा छ कि छैन ? बिचौलियाहरूको दैनिक ठगीको कुरामा अख्तियारको चासोसम्म पनि छ कि छैन ?

नेपालमा तस्करी गरेर भित्र्याइएका चालिसौं क्विन्टल सुनको खोजी गर्नुपर्ने हिसाबकिताब अख्तियारसँग छ कि छैन ? सुन तस्करीका लागि भन्सारमा सेटिङ मिलाएर राखिएका प्रहरी अधिकृतदेखि प्रहरी जवानहरूहरूसम्मका बारेमा उनीहरूले दैनिक गरिरहेका कामहरूको हेक्का र सोधखोजका लागि अख्तियारका कोही मनिस खटेका छन् कि छैनन् ? या अख्तियारबाटै खटिएको मानिस पनि किनिएका छन् ?

हरेक वर्षको ठेक्कापट्टा र विकास निर्माणका काममा भएका र हुने गरेका भनी खर्बौं रूपैया स्वाहा पारिएको सामान्य लिस्ट वा टिप्पणीसम्म पनि अख्तियारले राखेको छ वा छैन । वाइड वडी विमान खरिद गरेको भनेर खर्बौं रूपैया खर्च देखाइएको छ, यो साँचो हो या झुठो ? यो भाडामा लिइएको हो वा खरिद गरिएको हो ? यसलाई लक्षित देशहरूमा उडान गराइएको छैन, कुन एयरलाइन्ससँग मिलेर नेपालको उडान त्यहाँ दिई निगमका प्रमुखहरूले कमिसन लिने गरिरहेका छन् ?

राष्ट्रपतिदेखि मन्त्रीहरू र प्रदेश प्रमुख र मेयरदेखि गाउँपालिकाका प्रमुखहरूसम्म निकै महंगा र विलासिताका सवारी साधनहरू खरिद गरेर गुडिरहेका छन् । यसबारेमा अख्तियार किन मौन छ ? यसले यी कुरहरू नजरअन्दाज गरेर किन बसिरहेको छ ? दशै, तिहार र छठका अवसर पारेर चिनी उद्योगीहरूसँग प्रम केपी ओलीले अर्बौ कमिसन लिएको संचार माध्यमहरूमा प्रमुखताका साथ प्रचाप्रसार भयो । तर अख्तियारको मुख खुलेको छैन ।

वार्षिक बजेट संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरूद्वारा भ्रमण खर्चमा उडाइएको छ । आर्थिक बेथितिले देशलाई नराम्रो गरी लपेटेको छ । तर अख्तियारले यिनमा कुनै पनि चासो देखाएको पाइँदैन । हो, परिणाममा त अख्तियारले ससाना कामहरू बेलाबेलामा गरिरहेको प्रचारमा आउने गरेका छन् । तर अजिंगर, गोही र ठूला माछाहरू निर्वाध रम्ने, खेल्ने र आफ्नो काम जारि राखिरहने गरिरहेका छन् ।

जनताहरूको गुनासो रहेको छ, अख्तियार पनि सरकार जस्तै काम नगर्ने वा काम नलाग्ने भएको हो ? अख्तियार साँचो अर्थमा अख्तियार हो वा सरकारी यार ? जनताको चासो संबोधन हुनु जरुरी छ ।

## लेखकहरूमा अनुरोध

१. **यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,**
२. **कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,**
३. **सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।**

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# नेवाः जातिको समस्या र समाधान



पवनमान श्रेष्ठ

**नेवाः मुक्ति र नेवाः राज्यका लागि आन्दोलन भनेको सामान्य रूपको जातीय आन्दोलन मात्र होइन, बरू राजनैतिक आन्दोलन हो । नेवाः राज्य भनेको एक प्रकारको सत्ता पनि हो । क्रान्ति सम्पन्न नभई सत्ता प्राप्त गर्ने कुरा सपना मात्र हो । नेवाः जातिलाई सर्वहारा वर्गको जुझारू शक्ति, त्याग, तपस्या र बलिदानसहितको सहयोग नभई नेवाः राज्य प्राप्त गर्ने असम्भव छ भन्ने कुरा बुझ्नु पर्दछ । जातिवादीहरूबाट र जातीय आन्दोलनबारे स्पष्टता र सही रणनीति कार्यनीति नभएकाहरूबाट केही पाइएला भनेर आशा गर्नु मरूभूमिमा पानीको आशा गर्नु जस्तो हुन्छ ।**

नेवाः जाति नेपालकै एक विकसित जाति हो । नेवाको सन्दर्भमा जातिको अर्थ राष्ट्र वा 'नेशन' हो । नेवाःको आफ्नो छुट्टै मौलिक भाषा, संस्कृति, भूगोल, आर्थिक जीवन पद्दतिसहित नेवाः संस्कृतिका कारण विकसित सामुहिक मनोविज्ञान छ । नेवाः जाति (राष्ट्र) उत्पीडित र शासित जाति (राष्ट्र) हो । त्यसैले, यसलाई जनजातिमा समावेश गरिएको छ ।

नेवाःको आदिथलो मूलरूपमा काठमाण्डौं उपत्यका हो । नेवाः जाति यहाँको आदिवासी हो । हाम्रो देशमा आदिवासी विकास भई राष्ट्र बनेको एकमात्र जाति नेवाः जाति हो । आफ्नो मौलिक विशेषतासहितको विकसित भाषा, कला, संस्कृति, अर्थतन्त्र र सभ्यता अर्न्तनिहित नेवाः जाति वा राष्ट्र नेवाःहरूका लागि मात्र होइन, बरु नेपालकै लागि गौरवको विषय हो । तर नेपालको खस ब्राह्मणवादी सामन्ती राज्य, नोकरशाही र दलाल पुँजीवादी सामन्तवादी राज्यका शासकहरूले नेवाः जाति, यसको विकसित र लोकप्रिय भाषा, कला, संस्कृति, अर्थतन्त्र, आदिथलो र सभ्यतालाई एउटा ठूलै चुनौतीका रूपमा लिने गरेका छन् ।

त्यसैले नेवाः जातिलाई कमजोर पार्नु अथवा विलोप पार्नु शासकहरूको नीति रहँदै आएको छ । शाहीतन्त्र, राणातन्त्र, संसदवादी नेताहरू र कम्युनिष्ट विचार र राजनीतिबाट च्युत भइसकेका स्वनामधारी कम्युनिष्ट नेता र पार्टीहरूको नीति नेवाःसहित आदिवासी जनजातिहरूलाई उत्पीडनमा पारी दबाएर राख्ने रहेको छ । किनकि उनीहरूको राजनैतिक चरित्र दलाल र प्रतिक्रियावादी छ । यो कुरा उनीहरूको व्यवहारले प्रष्ट रूपमा देखाइ सकेको र देखाइ रहेको छ ।

उनीहरूले मुखले जतिसुकै आदिवासी जनजातिको लागि स्वतन्त्रता, समानता र विशेषाधिकारका बारेमा कुरा गरे तापनि आजको यथार्थता यही हो । त्यसैले शासकहरूले नेवाः जातिका विरुद्ध नानाथरी लान्छाना लगाउने र बदनाम गर्ने कोशिश हुँदै आएको छ । उनीहरूको नेवाः जातिका विरुद्ध दुश्मनीपूर्ण नीति र लान्छानाका कारणले शासक जातिका मानिसहरूमा मात्र होइन, अरु जातिका मानिसहरूका मानसिकतामा पनि यसले नकरात्मक असर पारेको प्रष्ट देखिन्छ ।

नेवाः जातिलाई लोप पार्ने सामन्ती खस ब्राह्मणवादी शासक पृथ्वीनारायण शाहको समयदेखि यस जातिको भाषा, कला, संस्कृति लोप पार्ने काम तथा नेवाःहरूलाई उनीहरूको आदिभूमिबाट विस्थापित गर्ने काम हुँदै आएको र आज यो झन् तीब्र भएको छ । पछि पारिएका आदिवासी जनजातिहरूलाई विशेष अधिकार दिई तिनलाई उठाएर विकसित जाति वा राष्ट्र बनाउने राज्यको नीति हुनु पर्ने हो । तर नेपालको एक मात्र राष्ट्रको रूपमा विकास भइसकेको आदिवासी नेवाः जातिलाई पनि लोप पार्ने ब्रम्हाणवादी शासकहरूका नीतिको कारण नेवाः जाति वा राष्ट्र देशमा आज सबैभन्दा उत्पीडित र गम्भीर संकटमा परेको छ । नेवाः जातिमाथि हुँदै आएका उत्पीडन र षड्यन्त्रका कारणले नेवाः जातिको र नेवाः जातिभित्र रहेका समस्याहरू यसरी सूत्रीकरण गर्न सकिन्छ :

### १) समुदायको गैरराजनीतिक चरित्र

पृथ्वीनारायण शाहले नेवाःभूमि कब्जा गरेपछि नेवाःहरूलाई योजनाबद्ध ढंगले शासन र प्रशासनबाट बाहिर राख्ने काम भयो । यसले शदियौंपछि आज आएर नेवाः जातिको चारित्रिक विशेषताको रूपमा गैरराजनीतिक हुन गएको छ । यसले शासकहरूका लागि नेवाः जातिमाथि उत्पीडन गर्न झन् सहज बन्न पुगेको छ ।

### २) आफ्नै आदिभूमिमा अल्पमत : कारण र समस्या

नेवाः भूमिमा नेवाःहरू अल्पमतमा परेको अवस्था छ । अझ आदिभूमि काठमाण्डौ उपत्यकामा साह्रै अल्पमतमा परिसकेको अवस्था छ । सन् २०११ को जनगणनाअनुसार काठमाण्डौ उपत्यकाको जनसंख्या झण्डै २५ लाख रहेको छ । यसमा नेवाःहरूको संख्या सालाखाला ६/७ लाख रहेको छ । यसको मतलब नेवाःहरू उपत्यकामा सालाखाला २५% मात्र रहेको छ । देशभरिको जनसंख्यामा नेवाःहरूको संख्या ५% रहेको देखाइएको छ । जबकि देशको जनसंख्या वार्षिक वृद्धिदर १.३५% रहेको, तर उपत्यका अझ काठमाण्डौ जिल्लाको जनसंख्या वृद्धि ६१.३% रहेको देखाइएको छ । जुन कुरा औसत वृद्धिदरभन्दा ५ गुणा छ । सन् २००१ को जनगणनाअनुसार उपत्यकाको जनसंख्या झण्डै १५ लाख रहेको छ । १.३५% वृद्धिदरलाई हेर्दा २०११ मा दुई लाख बढेर उपत्यकाको जनसंख्या १७ लाख मात्र हुनुपर्ने हो । सन् २००१ को जनगणनाअनुसार काठमाण्डौको जनसंख्या वृद्धि झण्डै ५३% थियो । जबकि त्यस बेला औसत वार्षिक वृद्धिदर २.५% थियो । यसको अर्थ काठमाण्डौको जनसंख्या वृद्धि औसत वृद्धिदरभन्दा दुई गुणा रहेको देखिन्छ ।

सन् २०११ मा ५ गुणा रहेको वृद्धि आज निश्चित रूपमा झन बढेर गएको छ । सन् २०२१ सम्मको जनसंख्याको औषत वृद्धिदर घट्दै जाने देखिन्छ भने, काठमाण्डौ र उपत्यकामा जनसंख्या वृद्धिदर बढेर जाने कुराको प्रक्षेपण स्वतः गर्न सकिन्छ । यसरी हेर्दा सन् २०२१ सम्म उपत्यकाको जनसंख्याको वृद्धि ७५% हुने कुराको अनुमान गर्दा आज सन् २०१८ सम्मको यहाँको जनसंख्या लगभग ३५ लाख हुन्छ । तर यसमा उपत्यका बाहिरबाट आई उपत्यकामा घर बनाएर बसोबास गरिरहेका तर बसाइसराइ लिइनसकेकाहरूको संख्या समावेश नै छैन । उपत्यकामा डेरामा बसेका र अस्थायीरूपमा काठमाण्डौ आउजाउ गर्नेहरूको संख्या लिने हो भने उपत्यकाको जनसंख्या लगभग ६० लाख हुने कुरा सजिलै अनुमान गर्न सकिन्छ । काठमाण्डौ उपत्यका जस्तो उर्बर भूमि तथा कला, संस्कृतिले भरिपूर्ण सानो भूगोलमा ६० लाखको बोझ बोकाइ उपत्यकालाई कुरूप बनाउने शासकहरूलाई के उपमा दिने होला ? नेवाःहरू आदिभूमिमा र नेवाःभूमिमा अल्पमतमा परेको, जुन नेवाः जातिका लागि अत्यन्त घातक छ, यसका मुख्य कारण यसरी उल्लेख गर्न सकिन्छ :

- काठमाण्डौ राजधानी बनाइनु
- गैर नेवाःहरूको अनियन्त्रित आप्रवासन
- नेवाःहरूको आदिभूमिबाट विस्थापन

### ३) भाषिक समस्या

खस ब्राह्माणवादी राज्यको नियोजित षड्यन्त्र र दमनका कारण खस भाषाको अतिक्रमणले आज विकसित र समृद्ध नेपाल भाषा लोप हुने अवस्थामा पुगेको छ । यसको कारक ब्राह्मणवादी राज्यसत्ता त भएकै छ तर नेवाःहरूको पनि आफ्नो मातृभाषा प्रतिको अनुराग र प्रेम कतै मर्दै गएको त छैन ? यो पनि गंभीर प्रश्न बनेको छ । हामीले यसमा मुस्लीम समुदाय र बंगलादेशबाट शिक्षा लिन सक्नु पर्दछ ।

### ४) सांस्कृतिक समस्या

नेवाः समाजको विघटनको प्रक्रिया नेवाःहरूका भूमिबाट विस्थापनसंगसंगै सुरु भएको छ । यसले गर्दा नेवाः संस्कृति पनि क्रमशः लोप हुने स्थितिमा पुगेको छ ।

### ५) गैरन्यायिक विकास निर्माण

काठमाण्डौ उपत्यका आज संसारकै सबैभन्दा अव्यवस्थित शहरमध्ये एक रहेको छ । अनियन्त्रित लाखौंलाख गैरनेवाःहरूको उपत्यकामा आप्रवासनका कारणले पानी, ढल, फोहर, प्रदुषण र ट्राफिक जामको गंभीर समस्या बनेको छ । यहाँको क्षमताभन्दा बढि जनसंख्या रहेको कारण यस्तो स्थिति सिर्जना भएको हो । तर शासकहरूको दिमाग गोबरले भरिएको छ वा षड्यन्त्रले । विकास निर्माणको नाममा आउटर रिङ्गरोड, सडक विस्तार, स्याटेलाइट सिटी समस्याको समाधान गर्ने योजना भनिरहेका छन् ।

यसको अर्थ विद्यमान अव्यवस्थालाई समाधान गर्ने होइन कि फेरि विकास निर्माणको नाममा लाखौंलाख मानिसहरूको आप्रवासन बढाउन लागि उपत्यकाको वरिपरि बाँकि रहेको थोरै जमिनमा पनि घर बनाएर उपत्यकालाई कंक्रिटै कंक्रिटले पुरेर पूर्ण रूपमा बिकृत बनाउने उद्देश्य रहेको कुरा स्पष्ट छ । यहाँको जाति, भाषा, कला, संस्कृतिलाई एकछिन नजरअन्दाज गरेर हेर्दा पनि उपत्यका वर्तमान समयमा बसोबास गर्न अयोग्य शहरमा परिणत भइसकेको छ । यस्तो गैर न्यायिक विकास निर्माणको उद्देश्य पुनः नेवाः जातिलाई सबै ठाउँबाट झन् तीव्र रूपमा विस्थापित गर्नु रहेको स्पष्ट छ ।

### ६) आर्थिक समस्या

नेवाः जातिको परम्परागत रोजगारी र व्यवसायमाथि अतिक्रमण र विस्थापन भएको तर अनियन्त्रित आप्रवासनका कारणले नयाँ तथा वैज्ञानिक रोजगारी र व्यवसाय अपनाउन नसकेकाले भएको जमिन बेचेर काम चलाउने भइरहेको छ । अलि बढि जमिन भएकाले जमिन बिक्रि गरी घर बनाउने र घर बहालबाट उनीहरूले आफ्नो गुजारा चलाउँदै आएका छन् । घरको आयु १०० वर्ष हुन्छ । त्यसपछि घर वहालबाट गुजरा चलाउनेहरूको अर्को पुस्ताको हालत यही अवस्था रहने हो भने के होला ? जसको जमिन छैन, तिनीहरूको हालत अहिले नै सुकुम्बासीको स्थितिमा पुगिसकेको छ ।

### ७) नेवाः राष्ट्रिय पूँजीपतिहरूको विस्थापनको असर

नेवाः राष्ट्रिय पुँजीपतिहरूलाई राणा शासकहरूले नाङ्गोढंगले भारतबाट माडेहरूलाई नेपालमा ल्याएर विस्थापन गर्ने कामको सुरुआत भयो । उपत्यकामा तीब्र आप्रवासनसहित दलाल पुँजीपतिहरूको विकासले नेवाः राष्ट्रिय पुँजीपतिहरू झण्डै झण्डै पूर्णरूपले विस्थापित भएको छ । यसले पनि नेवाः जातिलाई कमजोर बनाएको छ ।

### ८) नेवाः जातिको संस्कारजन्य समस्या

युगमा आएको परिवर्तनअनुसार नेवाःहरूले संस्कारमा परिवर्तन गर्न सकेको छैन । उही पुरानो अवैज्ञानिक संस्कारलाई अपनाउँदै आएका कारणले नेवाः जातिको सामाजिक, आर्थिक र मानसिक अवस्थामा गम्भीर असर परिरहेको अवस्था छ ।

### ९) नेवाःहरूका बीचमा एकताको समस्या

नेवाःहरू एक नभई उत्पीडन, षड्यन्त्र र विभेदविरुद्ध संघर्ष गर्न सक्दैन । शासकहरूको 'फुटाऊ र शासन गर' भन्ने नीतिअनुसार पनि र नेवाःहरूको आफ्नै बाध्यता र कमजोरीका कारणले पनि एकढिक्का हुन सकिरहेका छैनन् । यसका मुख्य कारणहरू यी हुन् :

- नेवाः समाज एक प्रकारले विघटित भएर नेवाःहरू छरिएर जानु
- नेवाःहरू विभिन्न जातमा विभाजित गरिएको अवस्था हुनु
- नेवाःहरूलाई छुन हुने र नहुनेमा विभाजित गरिएको अवस्था हुनु
- नेवाः भूमिभित्र र बाहिर नेवाःहरू रहनु
- नेवाःहरू विभिन्न दलमा विभक्त भएर रहनु

### *समस्याको वैज्ञानिक समाधान*

नेवाः जातिको समस्या पूर्ण समाधान नेवाः भूमिमा नेवाः स्वायत्त राज्यको स्थापना, उत्पीडनको पहिचानका आधारमा संघीयता, स्वशासन (अग्राधिकार), पूर्णसमानुपातिक प्रतिनिधित्व, समावेशिता र उत्पीडित जातिहरूका लागि आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृति हो ।

यसको प्राप्ति शासक र राज्यविरुद्ध आन्दोलनले मात्र संभव छ । संघर्षविना यदि कसैले नेवाः जाति वा राष्ट्रको समस्याको समाधान ब्राह्मणवादी राज्य तथा शासकहरूको दयामायाले र संविधान-०७२ लाई संशोधन गरेर संभव छ भन्छन् भने, त्यो नेवाःहरूलाई पुनः धोका दिन आएका धोकेबाज मात्र हुनेछ । हालको संसदमा प्रायःजसो सबै पार्टीहरू र नेताहरू यस्तै धोकेबाजहरू हुन् ।

नेपालमा एउटा यस्तो समूह छ, जसले नेवाः अधिकार, नेवाः मुक्ति र नेवाः राज्यको पनि कुरा गर्दछ । नेवाःहरूले राज्यविरुद्ध संघर्ष गर्नु पर्छ भनेर समय समयमा कुराहरू गर्छ । त्यस्ता समूहका मान्छेहरू संघर्षमा देखिन र अनुहार देखाउन पनि आउँछन् । तर उही धोकेबाज पार्टी र नेताहरूको पछिपछि कुद्ने र खासखास संघर्षको मोडमा उनीहरूकै आज्ञा शिरोपर गर्ने गर्दछन् । उनीहरूले नेवाः जातिलाई विश्वासघात गर्दै र धोका दिँदै आएका छन् । यस्ता मानिसहरू वास्तवमा नेवाःको नाममा धोकेबाजका पुच्छर हुन् । धोकेबाजका पुच्छरहरूले जनताका बीचमा भ्रम फैलाउने काम गर्छन् र आन्दोलन असफल पार्ने भूमिका निर्वाह गर्दछन् । त्यसैले यस्ता तत्वदेखि होशियार हुनु पर्दछ ।

अर्कोतिर साच्चै नै नेवाः जातिलाई दिलैदेखि माया गर्ने समूहहरू पनि छन् । उनीहरूले पनि नेवाः अधिकार, नेवाः मुक्ति र नेवाः राज्य आदि नेवाःजातिलाई अपरिहार्य छ भन्ने कुरा गर्दछन् । नेवाः नेता, नेवाः संगठन, नेवाः संघर्षको कुरा पनि गर्दछन् । संघर्षमा इमान्दारीपूर्वक सहभागी पनि हुन्छन्, तर उनीहरूसंग वैज्ञानिक रणनीति र कार्यनीति नभएका कारणले उनीहरू जातिवादी हुने अथवा जातिवादतिर ढल्किने गर्दछन् । उनीहरू एकांगी हुन्छन् र उनीहरूमा चिडचिडाहट र आक्रोश बढी हुन्छ । यस्ता समुह वा व्यक्तिले कम्युनिष्ट पार्टीका नेताहरूबाट धेरै आशा पनि गर्दछन् । तर कम्युनिष्ट विचार, नीति र नैतिकताबाट च्युत भइसकेका पार्टी र नेताहरूलाई नै कम्युनिष्ट पार्टी र कम्युनिष्ट नेता ठान्न पुग्दछन् । सामन्ती, दलाल तथा ब्राहमणवादी तथा नामधारी कम्युनिष्ट पर्टीका पछि लाग्छन् । सही र गलत नछुट्याई सच्चा कम्युनिष्ट लगायत सबैलाई एकै घानमा हालेर गाली गर्छन् । कतिपयले त कम्युनिष्ट भनेकै जातीय मुक्ति आन्दोलनको विरोधीका रूपमा चित्रित गर्दछन् । यसो गर्नु गलत कुरा हो । यस्ता खालका गतिविधिले वास्तवमा हाम्रो आन्दोलनलाई कमजोर बनाउन भूमिका खेलिरहेको कुरालाई उहाँहरूले राम्रोसँग हेक्का राख्नुपर्छ ।

कमरेड स्तालिनले सोभियत संघको कम्युनिष्ट पार्टी (बोल्सेभिक)को इतिहासमा ...बाँकी ७ पेजमा

# केन्द्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम ऐतिहासिक महत्व र शिक्षा



हस्तबहादुर केसी

कमरेड माओका कार्यकर्ता नीति सम्बन्धी यी भनाइहरू हाम्रो निम्ति पनि उत्तिकै मार्मिक र सान्दर्भिक छन् । किनकि महान् नेपाली नयाँ जनवादी क्रान्तिका निम्ति हामीले सही क्रान्तिकारी नीति अंगिकार गरिसकेका छौँ । यसलाई सफलतामा पुऱ्याउनका लागि ठूलो संख्यामा 'लाल बन्दै निपुण बन्ने' कार्यकर्ता नीतिअन्तर्गत अब्बल दर्जाका ठूलो संख्यामा क्रान्तिकारी कार्यकर्ताहरू निर्माण गर्न पार्टी स्कुलिङको आवश्यक पर्ने भएकाले हामीले ७ दिने आवासीय केन्द्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरेका छौँ ।

गत असारमा सम्पन्न हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रीय समितिको निर्णयलाई कार्यान्वयन गर्ने सिलासिलामा हामीले यही २०७५ साल कार्तिक ११ गतेदेखि १७ गतेसम्म ७ दिने आवासीय केन्द्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गऱ्यौँ । यो कार्यक्रम पार्टीको केन्द्रीय कार्यालय बुद्धनगर, काठमाडौँमा सञ्चालन गऱ्यौँ । पार्टीको स्थायी समितिको निर्णय बमोजिम कोटाको आधारमा ७ वटै प्रदेशबाट गरी जम्मा ३० जनालाई सहभागी गराउने काम भएको थियो । अन्तिममा २६ जना कमरेडहरू सहभागी बन्नुभयो ।

पार्टी जीवनको इतिहासमा केन्द्रीय स्तरको प्रशिक्षकहरू तयार पार्ने उद्देश्यले आवासीय प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको हाम्रो यो पहिलो अभ्यास हो । यसमा केन्द्रीय समितिका सदस्य कमरेडहरू र प्रदेशस्तरमा कार्यरत कमरेडहरूको सहभागिता रहेको थियो ।

यस आवासीय प्रशिक्षण कार्यक्रमको व्यवस्थापनको सम्पूर्ण जिम्मा पार्टीको प्रदेश नं. ३ कमिटिलाई रहेको थियो । साथै आवास तथा खाना तथा प्रशिक्षकहरूका नोट ९ज्बलमक इगत० हरूको छपाइ तथा फोटोकपी लगायत अन्य आवश्यक कामहरूको जिम्मा प्रदेश नं. ३ को रहेको थियो । पहिलो पटक केन्द्रीय स्तरमा सञ्चालन गरिएको यो केन्द्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम एक ऐतिहासिक र अत्यन्तै महत्वपूर्ण तथा सबैका लागि शिक्षाप्रद रह्यो ।

हाम्रो पार्टीले विभिन्न विभागहरू झैँ पार्टी स्कुल विभागको व्यवस्था गरेको छ । यो विभाग केन्द्रीय स्तरमा, प्रदेश स्तरमा, जिल्ला स्तरमा गठन गरेर पार्टीका आम कार्यकर्ताहरूलाई प्रशिक्षित तुल्याउने रहेको छ । मालेमावादी सिद्धान्तमा आधारित रहेर पार्टी स्कुलिङ सञ्चालन गर्ने रहेको छ । हाम्रो पार्टी स्कुल नितान्त मार्क्सवादी स्कुल हो । स्कुलिङ सञ्चालन त प्रतिक्रियावदीहरू तथा अवसरवादीहरूले पनि सञ्चालन गरेका हुन्छन् तर हाम्रो स्कुल त मार्क्सवादी स्कुल भएको हुनाले आम पार्टीका नेता, कार्यकर्ताहरूलाई मार्क्सवादका आधारभूत सिद्धान्त र मान्यताहरूको बारेमा प्रशिक्षित तुल्याउनु रहेको छ । मार्क्सवादका तीन संघटक अंग, तीन स्रोत छन्, जस्तै दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद । विशेष गरी हामीले ती मार्क्सवादका तीन संघटकका बारेमा आधारित रहेर पाठ्यक्रमको तर्जुमा गरेका छौँ, हाम्रो पाठ्यक्रम (Curriculum) निर्धारण गरेका छौँ ।

हाम्रो केन्द्रीय स्कुल विभागले प्रारम्भिक तह, विस्तृत तह, विशिष्ट तह र अनुसन्धात्मक तह गरी चार तहको स्कुलिङको पाठ्यक्रम तर्जुभा गरेको छ । प्रारम्भिक तह जिल्ला स्तरमा, विस्तृत तह प्रदेश स्तुरमा र विशिष्ट तह केन्द्रीय स्तरमा स्कुलिङ सञ्चालन गर्ने व्यवस्था पार्टीले गरेको छ । अनुसन्धानात्मक तह छुट्टै माथिल्लो स्तरको रहेको छ । अहिले हामीले सञ्चालन गरेको केन्द्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम केन्द्रीय स्तरको रहेकोछ । केन्द्रीय स्तरका प्रशिक्षकहरू तयार पारेर देशैभरि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले हाम्रो पार्टी स्कुल विभागले ७ दिने आवासीय केन्द्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको हो ।

मार्क्सवाद एक वैज्ञानिक तथा गतिशील (Dynamic) सिद्धान्त हो । यो विश्व सर्वहारा वर्गको क्रान्तिको विज्ञान पनि हो । आज मार्क्सवादले आफ्नो विकासको चरणमा मार्क्सवादको विकास गरेको छ । मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरणमा लेनिनवादको विकास गरेको छ । त्यस्तै मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरणमा माओवादको विकास गरेको छ । त्यसैले आज मार्क्सवाद-लेनिनवाद-माओवाद विश्वसर्वहारा वर्गको मुक्तिको पथप्रदर्शक र मार्गदर्शक सिद्धान्त बन्न पुगेकोछ । यसरी आज अन्तर्राष्ट्रिय सर्वहारावर्गको हातमा एउटा सार्वभौम सिद्धान्तको सिंगो अभेद्य इकाइका रूपमा मार्क्सवाद-लेनिनवाद-माओवाद रहेको छ । माओवादलाई आजको विश्वको मार्क्सवाद-लेनिनवादको रूपमा ग्रहण नगरी कोही पनि सच्चा कम्युनिस्ट बन्न सक्दैन । आजको युग भनेको साम्राज्यवाद र सर्वहारा वर्गबीचको भीषण वर्गसंघर्षको युग हो । माओवाद नै आजको विश्वको मार्क्सवाद-लेनिनवाद भएकोले नै संसारभरका प्रतिक्रियावादी र संशोधनवादीहरूले माओवाद एवम् माओवादीहरूमाथि भीषण हमला गरिरहेका छन् ।

लामो समयदेखि आम पार्टी पंक्तिभित्र व्यवस्थित र योजनाबद्ध रूपमा स्कुलिङ सञ्चालन हुन नसकेकै कारण विभिन्न स्तरका नेता, कार्यकर्ताहरूको वैचारिक, सैद्धान्तिक, दार्शनिक स्तर गिर्दो रह्यो र पटक पटक वैचारिक विचलन पैदा भएर पार्टीबाट पलायन हुने र पार्टीभित्रका अवसरवादीहरू तथा संशोधनवादीहरूलाई सातदिने र ठूलो पंक्ति फुट र विभाजनको पक्षमा लागेर महान् दस वर्षबाट निर्माण भएर आएका हजारौं नेता, कार्यकर्ताहरू पुष्पकमल दाहालहरूजस्ता अवसरवादी एवं नवसंशोधनवादीहरू प्रतिक्रियावादका पतन भइसकेको नेकपा एमालेमा विलय हुने क्रम सँगसँगै एमालेले थापेको ढरियामा छिर्न पुगे । यस नकारात्मक परिघटनाका कारणहरूमध्ये एउटा विगतमा आमा पार्टी पंक्तिभित्र व्यवस्थित र योजनाबद्ध ढंगले स्कुलिङ सञ्चालन गरेर आम नेता, कार्यकताहरूले मार्क्सवाद-लेनिनवाद-माओवादका सार्वभौम सिद्धान्त र मान्यताहरूले लैस गराउन नसक्नु रहन गएको छ । कार्यकर्ताहरू मालेमावादको सिद्धान्तले लैस भएका कारण प्रचण्ड-बाबुरामहरू नाङ्गै भएर एमाले र कांग्रेसमा विलय हुने थिए । प्रचण्डको त छन तु युको



"एकचोटि राजनीतिक दिशा निश्चित भएपछि कार्यकर्ताहरू निर्णायक तत्व हुन्छन् । अतः योजनाबद्ध तरिकाले ठूलो संख्यामा नयाँ कार्यकर्ताहरूलाई तालिम दिनु हाम्रो संघर्षमय कार्य हो ।"

*- माओ त्सेतुङ, राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका (अक्टुबर १९३८)*

जस्तो हालत हुने थियो ।

विगतका यी नकारात्मक परिघटनाहरूबाट पाठ सिक्दै आम पार्टी पंक्तिभित्र विभिन्न तह र स्तरका नेता कार्यकर्तालाई मालेमावादका यिनै सार्वभौमसिद्धान्तद्वारा लैस तुल्याउँदै व्यवहारमा समेत उतार्ने उद्देश्यले हाम्रो पार्टीले केन्द्रदेखि स्थानीय स्तरसम्म पार्टी स्कुलहरूको निर्माण गरेर कार्यकर्ता स्कुलिङ सञ्चालन गर्ने योजना बनाएको छ ।

पहिलो पटक सञ्चालन गरिएको यस पटकको ७ दिने आवासीय केन्द्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रममा पार्टी महासचिव क. मोहन वैद्य किरणले 'वर्तमान परिस्थिति र पार्टी काम, नेपाली समाजको स्वरूप र आम कार्यदिशा तथा नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास' गरी तीनवटा विषयमा सुव्यवस्थित ढंगले प्रशिक्षण दिनुभयो । पार्टीका स्थायी समिति सदस्य क. सी.पी. गजुरेल गौरवले 'संयुक्त मोर्चा'का बारेमा र अर्को स्थायी समितिका सदस्य क. रामसिंह श्रीसले 'ऐतिहासिक भौतिकवादको परिचय, जनवादी केन्द्रीयताको सिद्धान्त र पार्टी संगठन र विधान'का बारेमा प्रशिक्षण दिनुभयो । त्यस्तै स्थायी समितिका सदस्य एवं केन्द्रीय पार्टी स्कुल विभागका प्रमुख क. परि थापाले 'द्वन्द्ववादका प्रवर्गहरू, मानव चेतनाका रूपहरू र शास्त्रीय रचनाहरूको अध्ययन अन्तर्गत एंगेल्सको प्रकृतिको द्वन्द्ववाद र लेनिनको भौतिकवाद : अनुभवसिद्ध आलोचना' नामक रचनाहरूको बारेमा प्रशिक्षण दिनुभयो ।

त्यस्तै पोलिटब्युरो सदस्य एवं केन्द्रीय पार्टी स्कुल विभागका सदस्य क. सीताराम तामाङले 'राजनीतिक अर्थशास्त्रअन्तर्गत राजनीतिक अर्थशास्त्रको परिचय, नेपालको अर्थ राजनीति, मार्क्सको अतिरिक्त मूल्यको सिद्धान्त र मार्क्सको राजनीतिक अर्थशास्त्रको आलोचनात्मक भूमिका'का बारेमा प्रशिक्षण दिनुभयो । अर्का पोलिटब्युरो सदस्य तथा केन्द्रीय पार्टी स्कुल विभागका सदस्य क. इन्द्रमोहन सिग्देल वसन्तले 'अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहास र शास्त्रीय रचनाहरूको अध्ययनका क्रममा एंगेल्सको परिचवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति र लेनिनको राज्य र क्रान्ति नामक रचना'को बारेमा प्रशिक्षण दिनुभयो । पार्टीको केन्द्रीय सदस्य र केन्द्रीय पार्टी स्कुल विभागको सचिव समेत रहेको म स्तम्भकार हस्तबहादुर केसीले दर्शनअन्तर्गत ' दर्शनको उत्पत्ति र यसको ऐतिहासिक विकासका प्रक्रियाहरू, दर्शनशास्त्रको मौलिक प्रश्न, विश्वको दुई प्रश्न र दुई विश्व दृष्टिकोण, दर्शनशास्त्र सिद्धान्त र दर्शनशास्त्रको पद्धति, दर्शनशास्त्रको महत्व र मार्क्सवादी दर्शन, मार्क्सवादी दर्शनका जन्ममा आधारहरू, मार्क्सवादको लेनिनवाद र माओवादमा विकासका प्रक्रियाहरू, मार्क्सवादी उदयले दर्शनको ल्याएको क्रान्तिको हलचल, मार्क्सवादी दर्शनअन्तर्गत द्वन्द्वात्मक भौतिकवाद, द्वन्द्ववादका सिद्धान्त र नियम, अन्तर्विरोधका नियमहरू, मार्क्सवाद द्वन्द्ववादी ज्ञान-सिद्धान्त, ऐतिहासिक भौकिवाद अन्तर्गत वर्गको उत्पत्ति, समाज विकासका नियमहरू, राज्यको उत्पत्तिदेखि सामाजिक क्रान्ति हुँदै वर्ग र राज्यको विलोपीकरणसम्म अर्थात् वैज्ञानिक साम्यवादसम्मका समाज विकासका नियमका अधिकांश विषयहरू र साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगका दर्शन अन्तर्गत संशोधनवादी दर्शन, फ्रेन्कफुर्ट स्कुलदेखि आधुनिकतावादसम्म मार्क्सवाद निषेध गर्न निषेधात्मक द्वन्द्ववादसम्म, संशोधनवादी दर्शन, कम्युनिस्ट पार्टी र कम्युनिस्ट भित्र चल्ने दुई लाइन संघर्ष र त्यसको वैज्ञानिक ढंगले समाधान गर्ने पार्टीको सही कार्यदिशा र क्रान्तिको रणनीति र मार्क्सवादको ऐतिहासिक कार्यभार वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्मका समग्र विषय र शास्त्रीय रचनाहरूको अध्ययनको सिलसिला अन्तर्गत मार्क्स-एंगेल्सको मार्क्सवादको जन्मको कोसेढुङ्गाको रूपमा रहेको जर्मन विचारधारा (German Ideology)' का विषयमा प्रशिक्षण दिए ।

पार्टीका केन्द्रीय सदस्य तथा केन्द्रीय पार्टी स्कुल विभागका सदस्य क. हुकुमबहादुर सिंहले 'वैज्ञानिक समाजवादको रणनीति र कार्यनीति, समाजवाद : काल्पनिक र वैज्ञानिक, शास्त्रीय रचनाअन्तर्गत एंगेल्सको साम्यवादका सिद्धान्तहरू (Principle of Communism) ' का बारेमा प्रशिक्षण दिनुभयो । त्यस्तै पार्टीका केन्द्रीय सदस्य तथा केन्द्रीय पार्टी स्कुल विभागका सदस्य प्रा. डा. जगदीशचन्द्र भण्डारीले 'मालेमावादी सौन्दर्यशास्त्र'का बारेमा प्रशिक्षण दिनुभयो ।

साथै प्रा.डा. ताराकान्त पाण्डेले ' मार्क्सवादी-लेनिनवादी-माओवादी सौन्दर्यशास्त्र अन्तर्गतः मार्क्सवाद, नवमार्क्सवाद, उत्तर मार्क्सवाद र उत्तर आधुनिकतावाद'का विषयमा विस्तृत रूपमा प्रशिक्षण दिनुभएको थियो । त्यस्तै प्रा. डा. ओम गुरुङले 'जनजाति आन्दोलन'को विषयमा प्रशिक्षण दिनुभएको थियो । पार्टी महासचिवदेखि सबै प्रशिक्षकहरूले लिखित रूपमा प्रशिक्षणका विषयका नोट (Hands out) हरू सहभागी प्रशिक्षार्थी कमरेडहरूलाई अनिवार्य रूपमा उपलब्ध गराएको थियो ।

पहिलोपटक सञ्चालन गरिएको यस केन्द्रीय प्रशिक्षण्क प्रशिक्षण कार्यबाट हामीले पहिलो नम्बरमा आवासीय स्वरूप दिएका छौँ भने दोस्रो नम्बरमा प्रशिक्षकहरूले लिखित रूपमा प्रशिक्षणका विषयका नोट (Hands out) हरू अनिवार्य रूपमा सहभागी प्रशिक्षार्थी कमरेडहरूलाई उपलब्ध गराउने यी दुईवटा कार्यक्रमहरूको थालनी गरेका छौँ । यी प्रक्रियाहरूलाई अभ्यासकै रूपमा तलतलसम्म पुऱ्याउन जरुरी छ ।

सिंगो नेपाली कम्युनिस्ट आन्दोलनभित्र र हाम्रै पार्टी पंक्तिभित्र पनि प्रशिक्षण लिने काम नेताहरूको हो होइन, कार्यकर्ताहरूको मात्र हो भन्ने अत्यन्तै संकीर्ण र अभिधूतवादी चिन्तन जीवित रहँदै आएको छ । यस पटक हामीले केन्द्रीय समितिका सदस्य नेता कमरेडहरूलाई समेत ७ दिने आवासीय केन्द्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी गराएर मार्क्सवाद-लेनिनवाद-माओवादका सार्वभौम सिद्धान्त र मान्यताहरूलाई समेटेर तयार गरेको पार्टी स्कुलिङको पाठ्यक्रमका आधारमा प्रशिक्षित तुल्याएका छौँ । यसलाई हाम्रो पार्टीले एउटा प्रचलनकै रूपमा र पार्टीकै योजनाअन्तर्गत निरन्तरता दिन जरुरी छ ।

यसपटक सञ्चालन गरिएको ७ दिने आवासीय केन्द्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम हाम्रो पार्टीको नयाँ जीवनमा एक ऐतिहासिक महत्वको र शिक्षाप्रद रहन गएको छ । यस आयामलाई देशव्यापी रूपमा र प्रवास तथा प्रदेशमा समेत लैजान जरुरी छ । किनकि यसको प्रभाव र शिक्षा देशभित्र र देश बाहिर भारत प्रवास एवम् विदेश समेत पर्न अनिवार्य छ । हाम्रो पार्टी स्कुलिङ त मालेमावादी कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ताहरूको क्रान्तिकारी स्प्रिट र ऊर्जा पैदा गर्ने मार्क्सवादी-लेनिनवादी-माओवादी कारखाना हो । अब सबै प्रदेश, जिल्ला, भारत प्रवास र विदेशमा रहेका पार्टी कमिटीहरूमा समेत योजनाबद्ध ढंगले यस प्रकारका प्रशिक्षणहरू सञ्चालन गरिनेछ । प्रशिक्षणका कार्यहरूलाई क्रान्तिको द्वन्द्ववादको रूपमा बुझ्न जरुरी छ । किनकि स्कुलिङसम्बन्धी पार्टीभित्र नयाँ आयामले प्रवेश पाएको छ ।

# केद्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रमको अनुभूति



● खगेन्द्र छन्त्याल

प्रशिक्षण खास गरी तिन प्रकारका हुन्छन । क्रान्तिकारी, अवसरवादी र प्रतिक्रियावादी यसका प्रकार हुन् । क्रान्तिकारी, अवसरवादी र प्रतिक्रियावादी प्रकारका प्रशिक्षणहरूको आआफ्नै उद्देश्य हुन्छन् । क्रान्तिकारी प्रशिक्षण क्रान्तिकारीहरूले संचालन गर्दछन् र त्यसको उद्देश्य क्रान्तिको निम्ति योग्य नेता र कार्यकर्ता उत्पादन गर्नु हो । अवसरवादी प्रकारको प्रशिक्षण अवसरवादीहरूले सञ्चालन गर्दछन् र त्यसको उद्देश्य क्रान्तिप्रति निराशा फैलाउनु र जनतामा भ्रम सिर्जना गर्नु हो । क्रान्तिकै नाममा क्रान्तिको गला रेट्नु, मार्क्सवादको नाममा मार्क्सवादकै जरो उखेल्नु यसप्रकारको प्रशिक्षणको सार हो । गैर मार्क्सवादी चेतना र चिन्तन बोकेका नाङ्गा प्रतिक्रियावादी प्रशिक्षकहरूद्वारा मार्क्सवादको बारेमा प्रशिक्षण दिलाइनु यसको काम हो । प्रतिक्रियावादी प्रकारको प्रशिक्षण प्रतिक्रियावादीहरूले सञ्चालन गर्दछन । सोझै क्रान्तिको विरोध गर्नु, प्रतिक्रियावादको पक्षपोषण गर्नु र त्यसप्रकारको निम्ति जनमत तयार गर्नु यसको उद्देश्य हो ।

पार्टी केन्द्रीय समितिको निर्णय, स्थायी समितिको पहल र केन्द्रीय स्कुलिङ विभागको योजना निर्माणमा कार्तिक ११ देखि १७ सम्म पार्टीको केन्द्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । महासचिव क. किरणले उद्घाटन गरी उहाँद्वारा नै पहिलो क्लास लिएर सुरु भएको प्रशिक्षक प्रशिक्षण कार्यक्रम पुनः कमरेड महासचिव नै प्रमुख अतिथि रहेको एक संक्षिप्त समापन समारोह आयोजना गरी समापन भयो ।

तथ्य आफै बोल्छ- क्रान्तिकारी प्रशिक्षकहरू तयार गर्नु र अन्ततः क्रान्तिको आधार निर्माण गर्नु यो प्रशिक्षण को उद्देश्य हो । अत्यन्तै केन्द्रिकृत यो प्रशिक्षणमा ३ नम्बर प्रदेशका १३ जिल्लाबाट जम्मा ७ जनाले सहमागी हुने मौका पाएका थिए । त्यसैगरी देशभरबाट जम्मा ३० जना प्रशिक्षार्थी छानिएका थिए । काठमाडौँले पाएको एकजनाको कोटामा काठमाडौं जिल्ला स्कुलिङ विभाग प्रमुखको नाताले उक्त प्रशिक्षणमा मैले प्रतिनिधित्व गर्ने प्रस्ताव जिल्ला कमिटीको पूर्ण बैठकले पारित गरेअनुसार नै उक्त कार्यक्रममा मेरो सहभागिता रहेको थियो ।

सुरुमा आफ्नो क्लास सुरुगर्ने क्रममा प्रशिक्षक कमरेड हस्त के.सी. भन्दै हुनुहुन्थ्यो- आमसभाको आयोजना गरेर प्रचण्डहरू प्रशिक्षण भन्छन् वास्तविक प्रशिक्षण त यो हो कमरेडहरू हो, आमसभारूपी त्यस्ता प्रशिक्षणमा कैयौं पटक सहभागी भएको छु म । तर यसप्रकारका विशेष प्रशिक्षणमा सहभागी हुने अवसर मैले अत्यन्तै थोरै पाएको छु । ०४६ सालमा कमरेड मोहनविक्रम सिंह मुख्य प्रशिक्षक रहेको तत्कालिन युवक संघको एकहप्ते कद्रीय विशेष प्रशिक्षण पहिलो र ०४७ मा कमरेड रामसिं श्रीस प्रमुख प्रशिक्षक रहेको पार्टी जिल्ला स्तरीय एकहप्ते विशेष प्रशिक्षण मेरो जीवनका दोस्रो राजनैतिक प्रशिक्षण कार्यक्रमहरू हुन् ।

यसबीच बाध्यात्मक अवस्थामा ०४७ कै अन्त्यतिर पार्टीमा कुरा राखेर, पार्टीको अनुमतिमै मैले नेपाल छोडे । मेरा १८ वर्ष विदेशी भूमिमै बिते । यो अठार वर्षले मलाई व्यक्तिगत रूपमा धेरै पछाडि पाऱ्यो । तर १८ वर्षमा कुनै १ सेकेन्ड मैले पार्टी संगको सम्बन्ध र सम्पर्क तोडिन । विदेशमा मैले मजदुरी गरें, पार्टीको निर्देशनमा विदेशको परिस्थितिनुकूल पार्टीमा काम गरें र फुर्सद निकालेर बढी से बढी स्वअध्यनमा जोड दिए । मेरो स्वअध्ययनमा कमरेड डी.एन.शर्मा, स्व.क. भागिरथ खरेल, मेरो साला सुरेश महत र युवराज खरेल लगायतका धेरै साथीहरूको निक्कै ठूलो र बिर्सनै नसक्ने भूमिका रहेको छ । मेरो स्वअध्ययनले म निक्कै जान्ने भए भन्ने साहस गर्न त मैले सक्दिन, तर अहिले मैले जति जान्दैछु, बुझ्दै छु, त्यसको आधारमा मेरो त्यही स्वअध्ययन हो भन्ने दाबी चाहीं गर्न सक्छु ।

तथापि, विदेशमा हुनुको कारण स्वदेशका कुनै पनि प्रशिक्षणमा मैले सहभागी हुने अवसर पाएन । स्वदेश फर्के पश्चात् ०७३ को नेवाः राज्यस्तरीय एक हप्ते विशेष प्रशिक्षक प्रशिक्षणमा सहभागी भए । मेरो निम्ति यो तेस्रो विशेष प्रशिक्षण थियो । राज्यस्तरीय नै भए तापनि उद्देश्य, प्रशिक्षकहरूको हैसियत, क्षमता र विषयवस्तुका दृष्टिले त्यो प्रशिक्षण पनि निक्कै महत्वपूर्ण थियो ।

कमरेडहरू किरण, गौरव, राजवीर, परिलगायत ११ जना नेतृत्व र विषयविज्ञ कमरेडहरूद्वारा प्रशिक्षण दिइएको यो पछिल्लो केन्द्रीय प्रशिक्षणमाः प्रत्येक दिन बिहान आठ बजेदेखि खाना र खाजाको दुई घण्टा समय काटेर साँझ पाँच बजेसम्म अर्थात दैनिक सात घण्टा प्रशिक्षण भयो । एक हप्तामा जम्मा एकतीसवटा क्लास सञ्चालन गरिए । मार्क्सवादी दर्शन, राजनीति, अर्थशास्त्रदेखि सौन्दर्य शास्त्र, संयुक्त मोर्चा, आदिवासी र जनजाति आन्दोलनहुँदै उत्तर आधुनिकतावाद र नवमार्क्सवाद सम्मका विषयहरूमा प्रशिक्षण भए ।

एउटा प्रशिक्षार्थीको आँखाबाट हेरेर समीक्षात्मक अनुभूति राख्नु पर्दा के भन्न सकिन्छ भने प्रशिक्षकहरूको प्रशिक्षणकला र प्रस्तुति अनुकरणीय र सह्रानीय रह्यो । यति हुँदाहुँदै पनि अपवादको रूपमा कुनै प्रशिक्षकले कुनै विषयमा आवश्यकताभन्दा बढी विश्लेषण गरेको र कुनै विषयमा आवश्यक विश्लेषण पनि गर्न नभ्याइएको पाइयो । प्रशिक्षार्थीहरूको मेहनत, परिश्रम र इच्छाशक्ति सुन्दर रह्यो । साथै, प्रशिक्षार्थीहरूमध्ये केहीबाट सामान्य कमजोरी पनि भए । अपवादको रूपमा क्लास टाइममा मोवाइल अफ नगर्ने, साइलेन्ट मोडमा नराख्ने, बाहिरबाट फोन आएमा क्लास चल्दाचल्दै बाहिर गएर फोनमा बोल्ने, एकभन्दा बढी सङ्ख्यामा शौचालय जाने इत्यादि कमी कमजोरीहरू पनि भए । आगामी दिनमा संचालन हुने सबै स्तरका प्रशिक्षणहरूमा यो कमजोरी दोहोरिनु हुँदैन ।

प्रशिक्षणमा दोहोरो छलफल भएनन । अपवाद बाहेक विषय वस्तुलाई दोहोऱ्याएर व्याख्या विश्लेषण पनि गरिएनन् । प्रशिक्षक बन्न योग्य देश भरबाट छानिएर आएको सचेत नेताहरूको टिम जस्तो थियो, प्रशिक्षार्थीहरूको समुह । त्यस कारणले पनि कुरा दोहोऱ्याइ रहनु आवश्यक ठानेनन् प्रशिक्षकहरूले । त्यो ठीकै हो भन्ने लाग्यो । कार्यक्रमको स्प्रिट पनि त्यही अनुसारको थियो । मुख्य कुरा स्वअध्ययन हो । प्रशिक्षणको काम त केवल विषय वस्तुको दिशाबोध गर्ने मात्रै हो भन्ने बोध गराउँदै कुन पुस्तकको सार के हो ? कुन पुस्तक पढ्ने ? कसरी पढ्ने, कसरी पढाउने ? कसरी सिक्ने, कसरी सिकाउने ? इत्यादि पनि प्रशिक्षणको मुख्य विषयभित्र परे, जो एकदम स्वभाविक थियो ।

व्यवस्थापन पक्ष धेरै राम्रो रह्यो । पिउने पानी, चिया, नास्ता, खान, बस्न, सुत्नमा गुनासो गर्ने ठाउँ रहेन । शौचालयको सुविधा पनि राम्रो थियो । यस सम्बन्धमा ३ नम्बर प्रदेश कार्यालयलाई धन्यवादको श्रेय जान्छ । विविध आवश्यक सहयोगको निम्ति प्रशिक्षण अवधिभर पार्टीको केद्रीय कार्यालय बिहानदेखि साँझसम्म नै एलर्ट पोजिशनमा रह्यो र ज्यादै सहज ढङ्गले सहयोग उपलब्ध गराइरह्यो ।

मलाई अन्य समयका प्रशिक्षणबाट भन्दा यस पटकको प्रशिक्षणबाट केही बढी सिकियो कि जस्तो लागिरहेको छ । मान्छे लोभी हुन्छ । बढी नै आशावादी पनि हुन्छ । बढी नै अपेक्षा गर्दछ । हो, मैले पनि अझ धेरै बुझ्ने, अझ धेरै सिक्ने आशा, अपेक्षा गरेको थिए होला, त्यो अनुरूप नहुन सक्छ । त्यो आफ्नो ठाउँमा छ । अझ बढी सिक्न र बुझ्नको निम्ति एउटा मेरो क्षमता र अर्को समयमा भर पर्दछ । त्यसको निम्ति कि मेरो क्षमता धेरै हुनुपऱ्यो । कि त सिक्नका निम्ति समय धेरै हुनु पऱ्यो । थोरै समयमा धेरै सिक्ने क्षमता भएको मान्छे म होइन । धेरै समयमा धेरै सिक्न प्रयास गर्ने मान्छे हो म । त्यसकारण जति सिकें, जति बुझें, त्योभन्दा बढी सिक्न र बुझ्नको निम्ति मलाई यो प्रशिक्षणको समय कमी भएको हो कि जस्तो लागिरहेको छ ।

सम्भव भएसम्म क्रान्तिकारी पार्टीले नियमित प्रशिक्षण, स्कुलिङको निम्ति स्थायी पार्टी स्कुलको निर्माण गर्नु पर्ने हुन्छ । यदि त्यो सम्भव नभएमा समय सन्दर्भमा सञ्चालन गरिने प्रशिक्षण र स्कुलिङहरू नियमित गरिनु पर्दछ र त्यसको समयावधि कमसेकम १५ दिनको हुनुपर्दो रहेछ भन्ने बोध भएको छ । प्रशिक्षणको स्तर, प्रशिक्षणको विषय, प्रशिक्षकहरूको परिपक्कता र प्रस्तुति आदि इत्यादिलाई हेर्दा मेरो आजसम्मको जीवनमा सबभन्दा महत्वपूर्ण प्रशिक्षण यही हो भन्ने अनुभूति भैरहेको छ ।

# मौलिक हक प्रचलन नगराउने सरकारी आशय




काठमाडौं । वर्तमान ओलि सरकार मौलिक हक प्रचलन नगराउने योजना कार्यन्वयनमा लागेको छ । संसदमा छलफल नै नगराई एकडेढ महिना अघि अध्यादेश मार्फत् आधा रातमा मौलिक हकसम्बन्धी विधेयकहरू पारित गरिएको नाटक गरे पनि यसलाई मुल्तवीमा राख्न सरकारी संयन्त्र लागि परिरहेको छ ।

यसमा आश्चर्यको कुरा त के पनि छ भने ती मौलिक हकहरूमा के के कुराहरू राखिएका छन् र तिनले जनताका मौलिक हकहरूको प्रचलन गराउन सक्छन् कि सक्दैनन् भन्ने मौलिक हकका हकदार जनता लाई थाहपत्तो नै दिइएको छैन । एउटा माखो पनि मार्न नसक्ने सरकारले शब्दहरूको पोको पारेर जनतालाई के पोदिलाउला र भनेर जनताले पनि मौलिक हकका कुराहरूमा सामान्य चासो सम्म पनि दिएका छैनन् ।

देवानी, फौजदारी तथा कार्यविधिगत संहिताहरू ल्याएपछि निकै ठूलो विवादमा तानिएको ओली सरकार मौलिक हकका अध्यादेशहरूका बारेमा त गुपचुप बसिरहहेको छ । पहिले पहिले सिकार गर्नुभन्दा अगाबै निकै होहल्ला गर्ने फ्याउरोको स्वभावको ओली सरकार मौलिक हक प्रचलनको विषयमा भने कुम्भकर्ण झैं घुरिरहेको छ ।

बोल्नेको पीठो बिक्ने मान्यता राख्ने ओली र उनको सरकारसँग न त नयाँ नीति, योजना र कायर्यक्रमहरू छन् न त भनिएका कुराहरूको कार्यान्वयनका लागि केही बजेट र साधन स्रोत नै । बरु ढाँटेर खाने ठगीको धन्दा पनि सुकेर गएको छ ।

यहँसम्म आउँदा 'समृद्ध नेपाल, सुखी नेपाली'को नाराले पनि हावा खाएको छ भने अर्कोतिर अध्यादेश मार्फत् आधा रातमा जनताका नाममा ल्याइएका मौलिक विधेयकहरू अध्याँरा कुनामा थन्क्याइएका छन् ।

मौलिक हक कार्यान्वयन नगर्न /नगराउन ओली सरकार अघोषित रूपमा लागि परेको छ ।

# माथि नेकपा तल एमाले–माके

काठमाडौं । नेकपामा पार्टी एकताको संक्रमण गहिरिंदै गएको छ । प्रदेश र स्थानीय तहमा एकताको प्रक्रिया अघि बढ्न सकेको छैन । बरु उल्टै केन्द्रमा गुटबन्दी सुरु भएको छ । स्थानीय र प्रदेशले केन्द्रतिर औंला उठाइरहेका छन् । केन्द्रले प्रदेश र स्थानीय तहतिर औंला ठड्याएको छ ।

एकतापछि केन्द्रकै पनि कार्य विभाजन भएको छैन । केन्द्रीय समितिका सबै सदस्यहरू अहिले कार्यक्षेत्र विना आआफ्नै काममा व्यस्त छन् । दुईवटा अध्यक्षहरूले निर्णय नै दिन सकिरहेका छैनन् । केन्द्र निकै केन्द्रीकृत छ । यसमा अध्यक्ष द्वयको सिण्डिकेटले काम गरिहेको छ ।

प्रदेश र स्थानीय तहको एकताका लागि संयोजन समिति निर्माण गरिए पनि त्यसले काम गर्ने वातावरण बनिरहेको छैन । तल्लो तहमा एमाले र माओवादी केन्द्रका बीचमा भावनात्मक एकतासम्म पनि छैन ।

भागबण्डा गरेर गरिएको एकतालाई वास्तविक एकतामा पुर्‍याउन निकै कठिनाइ भएको छ । निर्वाचनका बेला गरिएको गठबन्धन एकतामा रूपान्तरण हुन निकै समस्या भइरहेको एकताका लागि निर्माण गरिएका संयोजन समितिका संयोजक तथा सदस्यहरूले बताउँदै हिंडिरहेका छन् ।

उनीहरूका अनुसार एकताका लागि विचार विमर्श, छलफल, बहस तथा भावनात्मक कुनै पनि कार्यक्रम स्थानीय तथा प्रादेशिक तहमा लान सकिएको छैन । केन्द्रमा नेताहरू मिले भनेर यान्त्रिक रूपमा एकता गर्नु पर्ने अवस्था सिर्जना भएकाले यो फलदायी नहुने पनि हुनसक्ने उनीहरूभित्र त्रास कायमै छ । स्कूलिङ तथा प्रशिक्षणका कुनै पनि कार्यक्रमहरू कार्यकर्ता तथा जनस्तरमा लगिएको पनि छैन । नेताहरू र संयोजन समितिहरू 'एस् म्यान' को खोजीमा रहेकाले पनि समायोजन जटिल बनिरहेको विश्लेषकहरूको भनाइ छ ।

# भेरी–बबई सिंचाइ आयोजनामा टनेल बोरिङ मसिनको प्रयोग

काठमाडौं । भेरी-बबई सिंचाइ आयोजनामा पहिलो पटक नेपालमा टनेल बोरिङ मसिनको प्रयोग गरिएको छ । यो निश्चित भौगर्भिक सर्भे र त्यहाँ रहेको माटो तथा चट्टानको स्थिति पत्ता लगाए पछि मात्र प्रयोगमा ल्याइन्छ ।

भेरी नदी बबईमा झार्ने योजना अन्तर्गत उक्त टनेल बोरिङ मसिन प्रयोग भइरहेको छ । यसको प्रयोगले भनेकै समयमा काम सम्पन्न गर्न सकिने पनि बताइएको छ । सिंचाइ आयोजनाका अनुसार जोखिम क्षेत्रमा अहिले काम धमाधम भएरहेको छ । यो जोखिम क्षेत्र कटेपछि निकै छोटो समयमा अन्य काम सम्पन्न हुने छ ।

जोखिम क्षेत्रभित्रको पनि ९ किलोमिटर काम सकिइसकेकाले आशावादी हुने ठाउँ निकै रहेको बताइएको छ । यसै रफ्तारमा काम हुने हो भने अबका ४ देखि ५ महनामा टनेलको काम सकिने छ । यो काम सम्पन्न भएमा हिमाली तथा पहाडी क्षेत्रमा टनेल बोरिङको सफल प्रयोगका रूपमा लिइने छ ।

यसको हाल लागत २० अर्बको हाराहारीमा अनुमान गरिएको छ । यो टनेलबाट विद्युत उत्पादनका साथै बाँके र बर्दियामा रहेको ठूलो क्षेत्रमा सिंचाइ पुग्ने छ ।

## कैलालीको सूर्य गाउँपालिकामा देजमोको भेला सम्पन्न, अध्यक्षमा बोहोरा

कैलाली । कैलाली जिल्लाको सूर्य गाउँपालिकामा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको गाउँपालिका स्तरीय भेला सम्पन्न भएको छ । सो भेलाले नरेश बोहोराको संयोजकत्वमा ६ सदस्यीय गापा स्तरीय कमिटि निर्माण गरेको छ । मोर्चाका ७ नं. प्रदेश संयोजक डायमण्डको प्रमुख आतिथ्यतामा सम्पन्न भएको भेलामा क्रान्तिकारी माओवादी कैलालीका पार्टी सचिव आर.डी., प्रदेश सदस्य देवी लगायतका नेताहरूको समेत उपस्थिति रहेको थियो ।

## क्रान्तिकारी माओवादी धनुषाको संयोजकमा शित्तल कर्ण

जनकपुर । नेकपा (क्रान्तिकारी माओवादी) धनुषाको ३० गते कात्तिकमा सम्पन्न भेलाले शित्तल कर्णको संयोजकत्वमा ११ सदस्यीय जिल्ला कमिटि निर्माण गरेको छ । जनकपुरमा सम्पन्न भेला पार्टीका पिविएम तथा २ नं. प्रदेश सचिव कृष्णदेव सिंह दनुवार, केस महेश यादव लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

# नक्कली सफ्टवेयरमार्फत् पेट्रोलियम ठगी

काठमाडौं । नेपाल आयल निगमको अनुगमन टोली र पेट्रोलपम्पहरूका बीचमा हालसम्म चलिरहेको कमिसनको जोडघटाउ नमिले पछि गलत सफ्टवेयर प्रयोग गरेर ग्राहकहरूलाई ठगी गरेको कुरा खुल्न आएको छ । नेपालमा पेट्रोलियम ठगीको धन्दा पहिले देखि नै चलि आएको छ ।



आयल निगमको अनुगमन कार्यालयले विगतको फेहरिस्त उजार गर्दै पहिले यो ठगी ७० देखि ८० प्रतिशतसम्म हुने गरेको र हाल आएर मात्र १० देखि १५ प्रतिशतमा झरेको पनि बताइएको छ । आयल अन्डरग्राउण्ड गरी सफ्टवेयर जडानसहित पेट्रोल पम्प मार्फत् वितरण गनि थालेदेखि नै ठगीको यो धन्दा सुरु भएको हो ।

प्रतिलिटर तेलको मूल्यमा वृद्धि हुनु वा गरिनु त आयल निगमबाटै सार्वजनिक रूपमा घोषणा गरेर गरिने चलन छँदै छ । तर सफ्टवेयरबाट हुँदै आएको यो ठगी भने हाल कमिसनको विवादले मात्र बाहिर ल्याएको हो । हाल भएको ठगीको कुरा १० देखि १५ प्रतिशत जति रहेको ककुरा त बाहिर आयो नै, तर त्यसका लागि ठगीको सफ्टवेयर कसरी फेर्ने भन्ने कुराको समाधान ल्याइएको छैन ।

ठगिएको छ भनिएको छ, तर ग्राहकहरूलाई ठगीकै सफ्टवेयरबाट तेल वितरण गइरिहेको छ । यो नेपालमा रहेको सरकारी वा अनुगमनकारी निकायले सधैं देखाउँदै आएको आठौं आश्चर्य हो । उनीहरू भन्छन्- लेखिएअनुसार तेल झर्दैन, नाप्दा पेट्रोल पम्पको प्रकृति हेरी १० देखि १५ प्रतिशतसम्म कमी देखिएको छ ।

यो ठगीका अतिरिक्त ओली सरकारले आफ्नो कार्यकालको ९ महिनामा पेट्रोलियम पदार्थको पाँच पटकसम्म मूल्य वृद्धि गरिसकेको छ ।

# दाहनको लोकार्पण

चितवन । कवि इस्वरी ओझाको खाण्डव 'दाहन'को लोकार्पण गरिएको छ । प्रगतिवादी कवि एवं इच्छुक सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष ईश्वर चन्द्र ज्ञवालीले एक समारोहबीच दाहनको लोकार्पण गरे । महाभारत कथालाई आधार मानेर त्यस समय भएका प्राकृतिक सम्पदाको र जैविक विनाशको विषयलाई कविले सुन्दर ढंगले आफ्नो कृतिमा उजागर गरेका छन् ।

जगतबहादुर श्रेष्ठ नागरिक अभिनन्दन मुल समिति चितवनको आयोजनामा भएको कार्यक्रममा विमोचन गरिएको उक्त कार्यक्रममा पुष्पगोपाल श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो भने क्रान्तिकारी माओवादीका दिनेश शर्मा र गोर्खा जिल्लाका अग्रज कम्युनिस्ट रामलाल श्रेष्ठको विशेष आतिथ्य रहेको थियो । यमुनाप्रसाद न्यौपानेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको संचालन कवि मोदनाथ मरहट्टाले गरेका थिए भने समालोचक प्रा. डा. जगदीशचन्द्र भण्डारी, अखिल नेपाल जनसांस्कृतिक महासंघ चितवनका अध्यक्ष रबिकिरण निर्जीव, जिल्ला सचिब पुर्णबहादुर अधिकारी, लेखक घननाथ सापकोटा, प्रदेश सांसदद्वय विजय सुवेदी , मिलन बाबू श्रेष्ठ लगायत जिल्लाका राजनैतिक दलहरूका प्रतिनिधिहरू, क्रान्तिकारी माओवादीका पोलिट्ब्युरो सदस्य अटल र श्याम, के.स. अम्बिका मुडभरी लगायतको सहभागिता रहेको थियो ।

# ललितपुर विश्वको ३५ औं कलानगरी

काठमाडौं । ललितपुरलाई विश्वको ३५ औं कलानगरीको सूचीमा राखिएको छ । संयुक्त राज्य अमेरिकामा अनुाति केन्द्रीय कार्यालय रहेको विश्व कला परिषद्ले ललितपुरलाई ३५ औं उच्च कोटीमा राखेको हो । ललितपुर महानगरीका नगर प्रमुख चिरिबाबु महर्जनलाई विश्वकला परिषद्ले प्रमाणपत्र हस्तान्तरण गरी ससम्मान उक्त जानकारी गराएको हो ।

वास्तु कलाका हिसाबले ललितपुर आफैमा निकै प्राचिन सहरहरूमध्येमा पर्दछ । यहाँ अद्बितीय कलाका नमूनाहरू त पाइन्छन् नै, समयका हिसाबले पनि ती अति प्राचीन नै मानिन्छन् ।

ललितपुरको एउटा महत्वपूर्ण विशेषता भनेको त युगका हिसाबले यहाँ सत्य, त्रेता, द्वापर र कलियुगका विशषताहरू झल्कने गरी कलात्माक भवनहरू निर्माण गरिएका छन् । प्रायः १६औं शताब्दीमा बनेका मन्दिर तथा देवलहरू यहाँका प्रमुख आकर्षक मानिन्छन् । १७ औं शताब्दीसम्म पनि निर्माणका यी कार्यहरू निरन्तरतामा अघि बढिरहेका पाइन्छन् ।

# अलैंचीले पाएन बजार भाउ

काठमाडौं । नेपालको पूर्वी पहाडी जिल्लाहरूमा कालो मोतीको रूपमा चिनिएको अलैंचीले बजार भाउ नपाउँदा किसानहरू निकै मारमा परेका छन् । वर्षभरिको सबै समय लगानी खर्चेर गरिएको उत्पादनले बजार नपाएपछि उनीहरू निराश पनि भएका छन् ।

अलैचीको स्थानीय भन्दा पनि अन्तर्राष्ट्रिय बजार हुने गरेको छ । अन्तर्राष्ट्रिय बजारका कारण किसाहरूको पहुँच नपुग्ने र यसका लागि सरकारी पहल पनि नहुने भएकाले यो समस्या आइपरेको किसानहरूको गुनासो छ । उनीहरू हरेक वर्ष विचौलियाको फुक्का बोलीको भर पर्नु पर्दछ । न त लिखित संझौता हुन्छ, न त सहमति नै । यति मात्र होइन, जोखिमका बेला हात थापिदिने सरकारी निकाय पनि छैन ।

किसानहरूको न त स्टोर गर्ने आधुनिक स्टोरहरू छन्, न त पैसा तिरेर भए पनि भण्डारण गर्न सकिने अलैंची भण्डारण कक्षहरूको सरकारी सुविधा नै छ । अर्कोतिर विचौलियाहरूको सिण्डिकेट छ । उनीहरू नै बजार भाउ तोक्ने र बार्गेनिङ गर्ने गर्दछन् । उजुरीका लागि कुनै आधिकारिक निकाय पनि छैन ।

सरकारले त्यति ठूलो नगदे कृषि उत्पादनको बारेमा कुनै चासो पनि लिएको छैन । कसैले यसको प्रवर्द्धनका नाममा खेलेका एनजीओहरू र दुईचारवटा कक्षाहरू सञ्चालन गर्ने बाहेक केही पनि काम भएको छैन । किसानहरूलाई केही घण्टे ओंठे तालिम दिइन्छ । त्यो न त व्यवहारिक छ, न त प्रयोगात्मक नै ।

आधुनिक भट्टी बनाउने, अलैची सुकाउने, क्वालिटी ल्याउने



आदि जस्ता कुराहरू निकै चर्को रूपमा गरे पनि व्यवहारिकता भने शुन्य जस्तै छ । अर्कोतिर भारतको र भारतका व्यापारीहहरूको नेपाली किसानमारा सोच र प्रवृत्तिले ननिकै हानी पुर्‍याउने गरेको छ ।

वाइड बडी' बिमानले निगम धराशायी

काठमाडौं । पेशागत उडानका हिसाबले नेपाल वायु सेवा निगम निकै जोखिममा रहेको छ । यसले एक त अन्तर्राष्ट्रिय मापदण्डअनुसार विमानहरू खरिद र परिचालन गर्न सकेको छैन । अर्को कुरा, खरिद गरिएको वाइड बोडी विमान ग्राउन्डेड अवस्थामा छ ।

भर्खरै मात्र २४ अर्बमा खरिद गरिएका दुईवटा वाइड बडी विमानहरू हाल भारत, पाकिस्तानको उडानमा सीमित भएका छन् । खाडी देशहरू र युरोपलाई लक्षित गरी किनिएका यी विमानहरू असुरक्षाको कारण देखाउँदै उडान अनुमति नदिएपछि वार्षिक २४ अर्बको घाटामा यी विमानहरू रहेका छन् ।

महंगो ऋण लिएर किनिएका यी विमानहरूको वायुसेवा निगमले वार्षिक ब्याजमात्र २ अर्ब ५६ करोड बुझाउने गरेको छ । यो नेपालको राजस्वमा हुने प्रत्यक्ष घाटा हो र वार्िक बजेटमा हुने घाटा पनि ।

वाइड बडी विमानको उडान क्षेत्र तथा यसको संभाव्यताको समेत् अध्ययन नगरी देशको राजस्व खर्च गर्नेतिर मात्र लाग्नु हात चाट्नका लागि त होइन भन्ने गम्भीर प्रश्न बन्न पुगेको छ । यसमा पर्यटन मन्त्री तथा निगमको कार्यकारीको संलग्नताबारे निकै कुराहरू चर्चामा आइरहेका छन् । यसको प्रष्टिकरण दिंदै पर्यटन मन्त्री रवीन्द्र अधिकारीले यसो भएको भेटिएममा आफूले राजनीतिबाटै सन्यास लिने बताउँदै आएका छन् ।

# राष्ट्रपतीय निर्वाचनमा रुसी हस्तक्षेपबारे ट्रम्पको बयान



काठमाडौं । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उनको निर्वाचन विजयको कारण रुसी हस्तक्षेप थियो वा थिएन भनेर अमेरिकी अनुसन्धान समितिले सोधेको प्रश्नहरूको जवाफ दिएका छन् । सुरुसुरुमा निकै अटेरी र अकमण्य देखिएका ट्रम्प अन्तिममा जवाफ दिन बाध्य भएका थिए ।

जवाफ पछि 'सोधिएका सबै प्रश्नहरूको सजिलै जवाफ दिएँ' भन्दै एक परीक्षार्थी जस्तो निकै हल्का रूपमा ट्रम्प सञ्चार माध्यमहरूमा देखा परेका थिए । जे कुरा सोधिएको थियो, साको राम्रो जवाफ दिएको र केही कुराले पनि नअड्काएको उनको दाबी थियो । निकै असहज महसुस गर्दै सोधिने प्रश्नहरूको तयारी गरेका ट्रम्पले ठूलो परीक्षा पास गरेको जस्तो अनुभूति सुनाएका थिए ।

रबर्ट मूलर नेतृत्वको छानविन प्रश्नकर्ता टोलीलाई निकै लम्बेथान प्रश्न सोधेको भनेर आक्रोश पनि व्यक्त गरेका थिए । उनले यी प्रश्नहरूको लिखित जवाफ पनि दिनु पर्ने भएकाले आफ्ना वकिलहरूलाई नलेखाई आफैले लेखेर दिने पनि स्वघोषणा गरेका छन् ।

अमेरिका जस्तो अतिमहाशक्ति राष्ट्रका प्रमुखलाई यस्ता नचाहिंदा प्रश्नहरू सोधेर लज्जाबोध गराएको गुनासो पनि उनले गरेका छन् । उनले त यति सम्म पनि भन्न भ्याए कि यी सबै बदनियतपूर्ण रूपमा गरिएका थिए । तर जे होस् उनी जनताका कठघरामा भने उभिन बाध्य भए ।

# 'साउथ चाइना सी' : स्थिर सैन्य सम्बन्धको खोजीमा चीन



काठमाडौं । वैश्वीक रणनीतिक महत्वको नाका साउथ चाइना सी अहिले पनि अन्तर महादेशीय तनावको विषय बनिरहेको छ । स्वरूपमा देखापर्दा चीन र दक्षिण चीनको सामुद्रिक सीमावरिपरि रहेका अन्य ससाना एशियाली देशहरूका बीचमा जस्तो देखिने तर चीन र अमेरिका बीचको रणनीतिक तनावको रूपमा रहेको यो विवाद निकै तन्कदो अवस्थामा छ ।

चीनले आफ्नो रणनीतिक पहुँच विस्तारका लागि समुद्रभित्रका मुगाका पहाडहरू, जलाशयहरू, आकर्षक प्राकृतिक टापुहरू, तेलका खानी र ग्यासहरू तथा अन्तर्राष्ट्रिय व्यापार र व्यवसाय बढाउन आफ्नै गिरानीखमा राख्न चाहिरहेको छ । तर यसको प्रतिद्वन्द्वी अमेरिका भने साउथ चाइना सीका यी सबै कुराहरू आफ्नो हात पार्न चाहन्छ । अमेरिकाको उद्देश्य भनेको एशिया महादेशका प्राकृतिक स्रोतसाधनहरू आफ्नो हातमा पार्न सके एक त रणनीतिक रूपमा एशियामा आफ्नो पहुँच बढाउन सकिने र अर्को चीनलाई घेर्न र तबाहतबाह बनाई अतिमहाशक्ति हुनबाट रोक्ने दाउँमा देखिन्छ ।

अहिले चीन अमेरिकाले उसका पानी जहाजहरू, पण्डुब्बीहरू र हवाइ जहाजहरू साउथ चाइना सीमा नपठाओस् भन्ने चाहन्छ । उसको सार्वजनिक भनाइ पनि छ कि अमेरिकाका कारण साउथ चाइना सीमा विवाद बढिरहेको छ । यदि अमेरिका यो क्षेत्रमा देखा नपरेमा साउथ चाइना सी सीमाना भएका एशियाली देशहरूमा कुनै पनि विवाद र दुस्मनी नै छैन ।

तर अमेरिका भने अन्तर्राष्ट्रिय कानुनले दिएसम्म हवाइ जहाज, पानी जहाज तथा डुँगाहरू साउथ चाइना सीमा लगातार चलाइरहने छ । अमेरिकाको यस्तो कुटनीतिक जवाफ आएपछि चीनले अमेरिकासँग सापेक्षिक स्थिर सैन्य सम्बन्ध कायम गर्न माग गरेको छ ।

गत महिनामा यस्तोखाले कुराकानी गर्न चीनले अमेरिकालाई निम्तो पनि गरेको थियो, तर अमेरिकाले ताइवानलाई हतियार बेचेपछि बेइजिङले यो कुराकानी रद्द गरेको थियो । बेइजिङले चीनको रणनीतिक तथा फौजी चासोलाई अमेरिकाले नजरअन्दाज गर्न मिल्दैन । चीन आफैले पनि साउथ चाइना सीमा सिमाना रहेका देशहरूलाई एकएक गरी कुरा गर्ने र सबेसँग राम्रो सम्बन्ध स्थापित गर्ने प्रक्रियालाई अघि बढाएको छ ।

# संसदमा राजापक्षे अल्पमतमा



काठमाडौं । श्रीलंकाको सर्वोच्च अदालतले संसद पुनर्स्थापना गर्न भन्दै राष्ट्रपति मैत्रिपाला सिरिसेनाद्वारा गरिएको संसद भंगको कदमलाई उल्ट्याइदिए पछि पुनर्स्थापित संसदमा राजापाक्षेले बहुमत पुरयाउन सकेनन् । संसदमा नव नियुक्त प्रधानमन्त्रीले विश्वासको मत लिने क्रममा उनको पोल्टामा बहुमत नपुगेको हो । सभामुख जयसुरयाले ध्वनी मतका आधारमा राजापक्षेको पक्षमा बहुमत नभएको घोषणा गरेका थिए । ध्वनीमतको आधारमा बहुमत नपुगेको जयसुरयाले बताएका थिए ।

राजापक्षेले संसदमा बहुमत सिद्ध गर्न नसकेपछि राष्ट्रपति मैत्रीपाला सिरिसेनाले जनतालाई शान्त रहन र प्रजातान्त्रिक प्रक्रियाप्रति प्रतिवद्ध रहन आह्वान गरेका छन् । तर सिरिसेना-राजापक्षे र रानिल विक्रमेसिंघेको दुई पक्षहरूबीचको वाक युद्ध र प्रदर्शनले लंका तनावग्रस्त छ ।

यसको पृष्ठभूमिलाई नियाल्यौं भने राष्ट्रपति मैत्रीपाला सिरिसेनाले निर्वाचित प्रधानमन्त्री रनिल विक्रमेसिंघेलाई अपदस्त गरेर उनका राष्ट्रपति उम्मेदवारका प्रतिद्वन्द्वी महिन्दा राजपक्षेलाई प्रधानमन्त्री घोषणा गरेपछि श्रीलंकाको राजनीतिक रंगमञ्चमा एकाएक नयाँ राजनीतिक तरंग देखा परेको थियो । अपदस्त प्रधानमन्त्री विक्रमेसिंघेले प्रधानमन्त्रीको कार्यालय नछाड्ने र नवनियुक्त प्रधानमन्त्री राजापक्षेले सपथ लिने गरेपछि देश नयाँ द्वन्द्वको स्थितिमा पुगेको थियो ।

संसदबाट बहुमत सिद्ध गर्न विक्रमेसिंघेले चुनौती दिएपछि संसद बोलाइनु पूर्व संसद विघटन गरिएको थियो । यो विवाद सर्वोच्च अदालतमा पुगेपछि त्यहाँको सर्वोच्च अदालतले संसद पुनर्स्थापनाका लागि अन्तरिम आदेश जारी गरेको थियो । अदालतको अन्तरिम आदेशलाई विक्रमेसिंघेले जितको पहिलो कदमका रूपमा अर्थ्याएर आफ्ना समर्थकहरूलाई हौस्याउन थालेका थिए भने अर्कातिर कोसिरिसेना र राजापक्षेहरूले यस अन्तरिम आदेशलाई पूर्ण फैसलाका रूपमा नअर्थ्याउन सचेत गराइरहेका थिए ।

## बेलायतमा ब्रेक्जिट संकट



काठमाडौं । बेलायती प्रधानमन्त्री टेरिजा मेले बेलायतलाई इयुबाट अलग गराउने प्रस्तावमाथि बहुमत जुटाएकी छिन् । ब्रेकजिटका लागि लामो बहस र विवादपछि प्रधानमन्त्री मे आफ्नो मन्त्रीमण्डलबाट बहुमत जुटाउन सफल भएकी हुन् ।

पाँच सय पचासी पृष्ठ लामो मस्यौदामा व्यापक छलफलपछि सहमति जुटेकोमा सहमत हुने सबैप्रति उनले आभार व्यक्त पनि गरेकी छिन् । सम्बन्ध बिच्छेदसँगै बेलायतले युरोपियन युनियनलाई केही मोटो रकम तिर्नुपर्ने पनि उक्त मसौदामा उल्लेख गरिएको छ ।

यसपछि ब्रेकजिटका लागि इयुको शिखर वैठक बस्ने छ । शिखर वैठकबाट बेलायत इयुबाट अलगएको घोषणा गरिने छ वा यसले आधिकारिकता प्राप्त गर्ने छ । इयु र बेलायत ब्रेकजिटका लागि काम पूरा हुन लागेकोमा एकअर्कामा खुशी पनि आदान प्रदान गरिरहेका छन् ।

यता बाहिरिने प्रक्रिया टुंगोतिर जाँदै गर्दा टेरिजा मेको कन्जरभेटिभ पार्टीभित्र पनि अलग्गिन नहुने भन्नेमा दह्रो भिन्न मत पनि रहँदै आएको छ भने विपक्षी लेबोर पार्टीले यसका बारेमा पार्टी भेला बोलाएरै आवश्यक छलफल गरिने र पक्ष वा विपक्षमा मत दिन सकिने बताएको छ । तर यसका नेता जेरेमीले भने ब्रेकजिट आफैमा आधा बाटोको यात्रा भएकाले कतै पनि नपुगी गन्तव्यहीन अवस्थामा रहन जाने प्रतिक्रिया दिएका छन् ।

मसौदामा बहुमतको सहमति जुटिसकेपछि प्रधानमन्त्री टेरिजा मे भने यसको कार्यान्वयनमा डटेर लागेकी छन् ।

## विश्व त्रिकोणात्मक ध्रुवीकरणतिर ?



काठमाडौं । फ्रान्सेली राष्ट्रपति इम्म्यानुअल म्याक्रोंको पहलकदमीमा भइरहेको पहिलो विश्वयुद्धको संझनाको रमिते भेटघाटको पर्दाभित्र विश्वको त्रिकोणात्मक शक्ति केन्द्रहरूको धुमिल चित्र क्रमशः नजिकिइरहेको छ । विश्वका शीर्ष नेताहरू वा राष्ट्र प्रमुखहरूको पेरिसमा भइरहेको आउजाउ र तिनका भावभंगिमालाई नियाल्दा अब समाजवादी रसियाकालिन वा बीसौं शताब्दीको शीतयुद्धकालिन ह्याङओभरको छिट्टै अन्त्य हुँदै छ ।

यसको संकेत मात्र होइन, सोच र तदनुरूपका क्रिया प्रतिक्रियाहरू २१ औं शताब्दीको बिहानीसँगैको पूर्वाद्धमा सार्वजनिक हुन थालेका छन् । द्वितीय विश्वयुद्धको बेला दुई फरक मोर्चाबाट लडेका फ्रान्स र जर्मन अहिले आएर प्रथम विश्वयुद्धको स्मरण गर्दै १०० वर्षपछि एक ठाउँमा देखिएका छन् । यो घटनाले अमेरिका र युरोपबीच भित्रभित्र सल्किइरहेको भूसको आगोलाई क्रमशः बाहिर ल्याइदिन थालेको छ । यो सन्दर्भमा इम्म्यानुअल म्याक्रो र ट्रम्पबीचको युरोपले छुट्टै सेना निर्माण गर्ने तीतो विवाद मात्र होइन, अब बनाइने युरोपको संयुक्त सेनाले अमेरिका, रुस र चीनका विरुद्ध लड्ने म्याक्रोंको अभिव्यक्तिले सत्य सतहमा ल्याउँदै छ ।

यसका साथै भित्रभित्र सल्लाह गरेर प्रथम विश्वयुद्धको निहु पारेर ट्रम्प, पुटिन र सि फ्रान्समा भेट हुँदै छन् । विश्वका ७० जनाभन्दा बढी राजनेताहरू र राष्ट्रप्रमुखहरूको यो रङ्गीन जमघटमा भेटघाट र अन्तरसंवाद हुने ठेगान गरिएको छ । फ्रान्समा रहेको एक अज्ञात सैनिकहरूको सामुहिक चिहानमा श्रद्धान्जलीका लागि ती सबै नेताहरू पुग्ने छन् । ती सबैले स्मृति पुस्तिकामा हस्ताक्षर पनि गर्ने छन् । यसमा सन् १९१८ को विश्वयुद्धको अन्त्य भनेर लेखिएको हनेछ ।

यसको पूर्व तयारीका लागि जर्मन चान्सलर मार्केल र फ्रान्सेली राष्ट्रपति म्याक्रोंले रेल चढेर एकअर्कालाई स्वागत अभिवादनका साथै एकताबद्धताको संकेत पनि गरेका छन् ।

## सूचना...

बारेमा जनताले नै थाहा पाउन नहुने कारण के हो, सरकारले सूचनाको वर्गीकरणमा खुलाएको छैन । व्यवस्थापिका संसद्ले पारित गरेको या नेपाल सरकारले निर्णय गरी राष्ट्रपतिसमक्ष कार्यान्वयनका लागि पेस गरेको विषय गोप्य राख्नुपर्ने सूचनामा राखिएको छ । लोकतान्त्रिक मुलुकमा व्यवस्थापिका संसद्का गतिविधि आफैंमा पारदर्शी हुन्छन्, संसद या सरकारले गरेका कुनै पनि निर्णयलाई राष्ट्रपतिले अस्वीकार गर्ने संवैधानिक व्यवस्था नभएकाले 'राष्ट्रपतिबाट निर्णय नभएसम्म' त्यस्ता सूचना गोप्य राख्ने प्रावधान राखिनुको आश्चर्यपूर्ण भएको सरकारी अधिकारीले बताए । समितिले सूचनाको वर्गीकरण गर्दा संवैधानिक राष्ट्रपतिले कुनै पनि निर्णय गर्दैनन्, संसद् या सरकारले गरेका निर्णयलाई प्रमाणीकरण या सदरमात्र गर्छन् भन्ने ख्यालसमेत गरेको पाइएको छ ।

विभिन्न मुलुकसित सन्धि-सम्झौता गर्दा या द्विपक्षीय तथा बहुपक्षीय वार्तामा सरकारले मुलुकका तर्फबाट राखेको प्रस्ताव, धारणा, अडानलाई समेत गोप्य सूचनामा वर्गीकरण गरिएको छ, साथै सरकारले विभिन्नसित गरेका सन्धि-सम्झौतालाई गोप्य राख्नुपर्ने व्यवस्था गरिएको छ । सरकारले कुनै मुलुकसित गरेको सन्धि-सम्झौता राष्ट्रको हितमा छ कि छैन भनेर थाहा पाउनु प्रत्येक जनताको हक भए पनि त्यसमा अंकुश लगाइएको छ ।

कुनै सैनिकको कुनै घटनामा मृत्यु भएमा, बेपत्ता भएमा वा बन्दी बनाएमा निजको इच्छाइएको वा नजिकको नातेदारलाई जानकारी नदिएसम्म त्यस्ता सूचना सार्वजनिक गर्न नपाइने व्यवस्थासमेत गरिएको छ । प्रमाणीकरणबाट योग्य ठहरिएका वा नठहरिएका माओवादी सेनाका लडाकुहरूको विवरणसहितको अभिलेख तीन वर्षसम्म, विभिन्न द्वन्द्वरत समूहसँग गरिएको पत्राचार, लिखत र सोसम्बन्धी विषयलाई सम्झौता नभएसम्म सार्वजनिक गर्न नपाइने सूचनाको सूचीमा राखिएको छ । को प्रमाणीकरणमा परे, को परेनन् भनेर गोप्य राख्नुपर्ने कुनै कारण छैन, जब कि, प्रमाणीकरणमा नपरेका लडाकु आ-आफ्ना घरमा फर्किसकेका छन् । उनीहरूका विषयमा सूचनाको वर्गीकरणमा उल्लेख गरिरहनुको कुनै तुक छैन ।

सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३ मा नेपाली नागरिकले सार्वजनिक निकायमा रहेका सूचना पहुँच र सूचना पाउने व्यवस्था गरेको छ। सोहीअनुसार सूचना माग गरेमा सूचना अधिकारीले तत्काल सूचना दिन मिल्ने भए २४ घण्टाभित्र र लिखित निवेदन पाएको १५ दिनभित्र उपलब्ध गराउनुपर्ने उल्लेख छ । यदि सूचना अधिकारीले १५ दिनभित्र सूचना नदिएमा प्रमुखसमक्ष अर्को निवेदन दिन पाउने व्यवस्था छ । तर मन्त्रालयले भने अधिकांश सूचनालाई वर्गीकरण गरी सूचना लुकाउने नियत अघि सारेको छ । शिक्षा मन्त्रालयका २१ शाखा र १९ निकायको बैठकले सूचना वर्गीकरण गरी अधिकांश सूचना दिन नमिल्ने तयारी गरेका छन्। मन्त्रालयले प्रस्तुत गरेको योजनाअनुसार विद्युतीय कारोबार ऐन २०६३ बमोजिम जारी गरिएका विद्युतीय हस्ताक्षरको निजी साँचो, विद्युतीय क्रियाकलापसम्बन्धी सर्टिफिकेट जेनेरेसन, सूचना प्रणालीसम्बन्धी सर्भर र नेटवर्क, पहुँच नियन्त्रण प्रणाली, परीक्षामा मर्यादा कायम राख्न गोप्य राख्नुपर्ने प्रश्नपत्र, उत्तरपुस्तिका र परीक्षासम्बन्धी विषयहरू, कुनै निकायबाट कुनै ऐन वा सन्धीको मस्यौदा तर्जुमा प्रतिक्रियाका लागि प्राप्त भई दिइएको परामर्श, कुनै निकायलाई उपलब्ध गराइएका कानुनी प्रशासनिक वित्तिय वा अन्य रायलगायतका विषयका सूचना दिन नमिल्ने उल्लेख गरेको छ ।

प्रम ओली विरामी परेर अस्पताल भर्नाभई कार्यकक्षमा फर्किए लगत्तै उनले यस्ता निर्देशनहरू दिने गरेका छन् । आफू पनि बोलेर पो पीठो बिक्छ भन्ने धारणा पालेका ओली आजभोलि चूपचाप रहेका छन् ।

एकपटक विरोध प्रदर्शनका स्थालहरूमाथि बन्देज लगाउने, विरोध र गुनासााका मुख थुन्न खोज्ने, निषेधाज्ञा जारी गर्ने र प्रहरी लगाएर तह लगाउने, भएनभएको हावादारी प्रचार गर्ने, आफूमा भएका अज्ञानताले संसार बोध गराउँछ भन्ने, तिमीहरू पनि दुई तिहाई लिएर देखाउ न त भनेर अहंकार पोख्ने गरेका प्रम ओली र उनको सरकार हाल किंकर्तव्य बिमुढको अवस्थामा छ । हल्लाले तह लगाउने भन्ने अज्ञानता अहिले 'होस्ल्याङ' भएको छ ।

एउटाले भएन भनेर अर्को तुरूप खेल्न माहिर ओली दाहाल अहिले सूचना लुकाने खेलमा तल्लिन रहेका छन् । सूचनाको हकबाट जनतालाई बञ्चित गरेर सरकार चलाउन सकिन्छ भन्ने सोच यिनीहरूमा पल्हाएको देखिन्छ । तर जनता भने सरकारले संरक्षण गरेको माफियाकरण, भ्रष्टाचार, तस्करी, कमिसनखोरी तथा अप्रजातान्त्रिक हर्कतहरूको जवाफ वा स्पष्टीकरण मागिरहेको छन् । यस्तो बेलामा सूचना लुकाउन प्रम ओलीद्वारा गरिएको निर्देशनलाई एक खरनाक तुरूपका रूपमा जनताले लिन थालेका छन् ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# कलाचिन्तनको भौतिकवादी पद्धति र मूल मर्म



प्रा.डा.ताराकान्त पाण्डेय

**विषय प्रवेश**

कलाको विकास भएपछि कलाचिन्तनको प्रक्रिया पनि आरम्भ भयो । कलाभन्दा पनि कलाचिन्तनचाहिँ दर्शनसँग जोडिएर विकसित भएको छ । वास्तवमा कलाचिन्तनको आधार दर्शन रहँदै आएको छ । दर्शनका फलकमा उभिएरै कलासम्बन्धी चिन्तनले आकार ग्रहण गरेको देखिन्छ ।

मार्क्सवादी कलाचिन्तन भौतिकवादी अझ द्वन्द्वात्मक भौतिकवादी दर्शनमा आधारित कलाचिन्तन हो भने उत्तर आधुनिकतावादी कलाचिन्तन नयाँ प्रकारको आदर्शवादी विधेयवादी कला चिन्तन हो । नव मार्क्सवादी र उत्तर मार्क्सवादी चिन्तन रूपमा मार्क्सवादी देखिए पनि सारतः यसले आदर्शवादमै आश्रय लिएको छ । यति बेला एउटा विभ्रम र अन्योलको स्थिति सिर्जना गरेर भौतिकवादी अर्थात् मार्क्सवादी कलाचिन्तनलाई असामयिक सिद्ध गर्ने र नव आदर्शवादी कलाचिन्तनलाई सामयिक सिद्ध गर्ने प्रयास भइरहेको छ । यो काम विशेषतः वृद्ध पुँजीवाद र अझ साम्राज्यवादको सांस्कृतिक कर्मका रूपमा भइरहेको छ । ठीक यसै पृष्ठभूमिमा यहाँ मार्क्सवादी, उत्तर मार्क्सवादी र उत्तर आधुनिकतावादी कलाचिन्तनको मीमांसा गर्दै यिनका दार्शनिक मूल मर्मको तुलनात्मक अनुशीलन गर्ने प्रयास गरिएको छ ।

२. **मार्क्सवादी कलाचिन्तन : कलाचिन्तनको भौतिकवादी पद्धति**

***कला के हो ?***

कला के हो भन्ने सम्बन्धमा अनेक सम्प्रदायका आ-आफ्ना मान्यताहरू छन् । प्लेखानोभका विचारमा कला सामाजिक परिघटना हो । मार्क्सवादी दृष्टिमा यसको जन्म श्रमप्रक्रियाका बीचबाट भएको हो र यो सामाजिक चेतनाको एउटा रूप हो, जो सुन्दरका नियमहरूबाट निरुपित हुन्छ वा आकार ग्रहण गर्छ । यो विचारधाराको एउटा रूप हो, तर यसमा हुने सुन्दरका तत्त्वले यसलाई विचारधाराका अन्य रूपबाट बेग्ल्याउँछन् । अर्को शब्दमा यो बिम्बका माध्यमबाट जगत् (यथार्थ को पुनः सिर्जन हो । यो प्रवृत्तिमूलक र प्रयोजनपरक हुन्छ ।

अर्को किसिमले भन्दा कला पनि एउटा मानवीय उत्पाद हो । जीवनयापनका क्रममा र अथवा मान्छेले आफ्नो अस्तित्व कायम गर्ने र आफूलाई पूर्ण बनाउने क्रममा उत्पादनको प्रक्रियामा अनिवार्यतः सहभागी हुन्छ । यसमा मान्छेले बाह्य (भौतिक जगत्/यथार्थ को आत्मीकरण र आत्मको बाह्यीकरण गर्ने वा आत्मको वस्तु रूपान्तरण गर्ने काम गर्छ र त्यस प्रक्रियामा मान्छेले विभिन्न वस्तुको उत्पादन गर्छ । कला तिनै उत्पादनमध्येको एक हो । अन्य उत्पादसँगको यसको भिन्नता के हो भने अन्य उत्पादनमा आत्मको निषेध गरेर पनि उत्पादन हुन्छ, तर यसमा आत्मको उपस्थिति बाक्लो र बलशाली हुन्छ ।

यो अन्य श्रमजस्तै मानव आवश्यकता र लक्ष्य प्राप्तिका लागि यथार्थको रचना हो तर कला भएकाले (र सुन्दरका तत्वद्वारा निर्मित भएकाले यसमा मानवीय सारतत्त्व (आत्म)को अभिव्यक्तिको सामर्थ्य श्रमका अन्य उत्पादका तुलनामा ज्यादा हुन्छ । कला बाह्य जगत् (यथार्थको आत्मीकरण र आत्मको बाह्यीकरण (वस्तु रूपान्तरण) को महत्वपूर्ण माध्यम हो । कलामा मान्छेका आत्मको बाह्यीकरण मात्रै हुँदैन, (बाह्य) प्रकृतिको आत्मीकरण हुने हुँदा त्यो अझ मानवीय हुन पुग्छ ।

वास्तवमा मानव अस्तित्व भन्नु आत्मको बाह्यीकरण (जगतीकरण) र बाह्य जगत्को आत्मीकरण हो . यी दुई तत्त्वबाहेक ब्रह्माण्डमा अर्को तत्व छैन । अनि मान्छेको आत्म (आत्मिक चेतना) ले मात्र उसको अस्तित्व पूर्ण हुँदैन । मान्छे भन्नु मानवीकरणको विशिष्ट प्रक्रिया र त्यसको परिणति हो । मानवीकरणको प्रक्रियाको तात्पर्य पूर्ण र समर्थ मनुष्य बन्नु हो । मनुष्यका आत्मगत शक्तिको बाह्य जगत्सँगको तादात्म्य स्थापित नभई उसले पूर्णता प्राप्त गर्दैन । मान्छे त्यसै हदसम्म अस्तित्वमा रहन्छ जुन हदसम्म श्रमका माध्यमद्वारा उसले आफ्ना सारभूत (आन्तरिक/आभ्यन्तरिक) शक्तिलाई वस्तु रूपान्तरित गर्दछ । यसरी मानवीकरणको प्रक्रिया अर्थात् पूर्ण सामर्थ्ययुक्त मान्छे बन्ने कुरा भनेको आत्मको बाह्यीकरण वा वस्तु रूपान्तरणको प्रक्रिया हो । यो काम कलासाहित्यका माध्यमबाट प्रभावकारी रूपले सम्भव हुन्छ ।

**मार्क्सवादी कलाचिन्तनको मूल मर्म :**

आत्म (आत्मिक चेतना) र बाह्य (भौतिक जगत्/यथार्थ) तत्वबीचको सम्बन्ध मार्क्सवादको विकाससँगै मार्क्सवादी कलाचिन्तनको पनि विकास भएको हो । मार्क्सवादले कला (साहित्य) लाई अधिरचनाका रूपमा व्याख्या गर्छ र अधिरचनारूपी कला सम्बन्धित समाजको (आर्थिक) आधारको विचारधारात्मक प्रतिबिम्बनका रूपमा अस्तित्ववान् हुन्छ भन्ने मान्यता राख्दछ ।

उक्त आधारमा कुनै समाजको आधार अर्थात् उत्पादक शक्ति र उत्पादन सम्बन्ध जस्तो छ, त्यसकै अभिव्यक्ति कलासाहित्यमा हुन्छ वा यसो भनौं त्यसको प्रतिबिम्बन कलासाहित्यमा हुन्छ -मार्क्स, मिश्र, पृ. ३)) मा) । यसले के पनि स्वीकार गर्दछ भने आधारमा आउने परिवर्तनले अधिरचनालाई पनि परिवर्तित गर्दछ । कार्ल मार्क्सले राजनीतिक अर्थशास्त्रको आलोचनाको भूमिकामा भनेका छन्- "भौतिक जीवनको उत्पादन पद्धतिले नै हाम्रो सामाजिक, राजनीतिक र बौद्धिक जीवनको प्रक्रियालाई अनुकूलित गर्दछ । मनुष्यको चेतनाले उसको अस्तित्वको निर्धारण गर्दैन, अपितु उसको सामाजिक अस्तित्व (वा भौतिक जीवन) ले उसको चेतनाको निर्धारण गर्दछ" (मिश्र, पृ. ३) १ मा उद्धृत) । यसरी हेर्दा कुनै पनि समाजको उत्पादन पद्धति र उत्पादन सम्बन्ध त्यहाँको भौतिक जीवन हो अथवा त्यो सामाजिक अस्तित्वको नियामक हो ।

त्यसैले मार्क्सले भनेझैँ त्यही सामाजिक अस्तित्वरूपी उत्पादन सम्बन्धले कलारूपी चेतनाको निर्माण गर्दछ । मार्क्सले अधिरचनाका रूपहरूलाई विचारधाराको अथवा आधारको विचारधारात्मक प्रतिबिम्बनको संज्ञा दिएका छन् । आर्थिक धरातल (आधार) माथि उभिएको विशाल अधिरचनालाई मार्क्सले विचारधारात्मक अधिरचना भनेका छन् । यसबाट राजनीति, धर्म, कानुन, दर्शन जस्तै कलासाहित्य पनि विचारधाराकै एउटा रूप हो भन्ने स्पष्ट हुन्छ । साहित्यसम्बन्धी मार्क्सवादी मान्यताका यस सन्दर्भमा प्रथमतः दुईवटा कुरा उल्लेखनीय र विचारणीय छन् ।

पहिलो कुरा, के (आर्थिक) आधार (वा उत्पादन सम्बन्ध) प्रमुख हो र त्यसकै विचारधारात्मक प्रतिबिम्बन कलासाहित्यमा हुन्छ भन्नुको तात्पर्य कलासाहित्यको रूप र अन्तर्वस्तुलाई आधारले निरपेक्ष रूपमा प्रभाव पार्ने र निर्धारण गर्ने काम गर्दछ र त्यसको स्वायत्त सत्ता हुँदैन भन्ने हो त ? यो प्रश्न मार्क्सवादी साहित्य चिन्तनका सन्दर्भमा अत्यन्त महत्वपूर्ण प्रश्न हो । यसैलाई आधार बनाएर नव मार्क्सवादी, उत्तर मार्क्सवादी र उत्तर आधुनिकतावादी चिन्तक/चिन्तनले मार्क्सवादमाथि आक्रमण गर्ने गरेका छन् । यसलाई उनीहरूले मार्क्सवादको आर्थिक सङ्कुचनवाद भनी आरोप पनि लगाउने गरेका छन् । यसबारे धेरै अघि एङ्गेल्सले दिएको जवाफ निकै ऐतिहासिक महत्वको छ । उनी भन्छन् :

इतिहासको भौतिकवादी अवधारणा अनुरूप अन्तिम रूपमा इतिहासको निर्धारक तत्व भनेको वास्तविक जीवनको उत्पादन र पुनः उत्पादन हो । न मार्क्सले र न मैले नै यो भन्दा बढी केही पनि दाबी गरेका छौं । त्यसैले यदि कसैले आर्थिक आधार एक मात्र निर्धारक तत्त्व हो भनी भन्छ भने उसले उक्त प्रस्थापनालाई अर्थहीन र विसङ्गत कथनमा रूपान्तरित गर्दैछ । आर्थिक स्थिति आधार त हो, तर अधिरचनाका थुप्रै तत्वहरूले ऐतिहासिक सङ्घर्षहरूलाई प्रभावित तुल्याउँछन् र थुप्रै अवस्थामा त्यसको रूपलाई पनि निर्धारित गर्दछन् । हामी हाम्रो इतिहास बनाउँछौं, तर (सर्वप्रथम) अत्यन्त निश्चित प्राक्कल्पना र अवस्थाहरू अन्तर्गत । तीमध्ये आर्थिक कुराहरू अन्ततः निर्णायक नै हुन्छन् । तर राजनीति आदि र अझ परम्पराहरू जसले मानव मस्तिष्कलाई गाँजिरहन्छन्, तिनले निर्णायक रूपमा नभए पनि एक हदसम्म भूमिका निर्वाह गर्दछन् (स्टोरी, ६) मा उद्धृत) ।

एङ्गेल्सको उपर्युक्त भनाइको आशय के हो भने कला साहित्य जस्ता अधिरचनाका रूपहरू प्राथमिक शक्ति होइनन्, तर पनि ती ऐतिहासिक परिवर्तनमा अथवा सामाजिक स्थायित्वमा सक्रिय माध्यम हुन सक्छन् (स्टोरी, ६१) । वास्तवमा ऐतिहासिक परिवर्तन र समाज विकासको निर्णायक र आधारभूत तत्व उत्पादन पद्धति र त्यसमा आउने परिवर्तन नै हो, तर त्यसलाई गति दिने र ऊर्जा दिने काममा अधिरचनारूपी (अन्य तत्व जस्तै) कला साहित्यको पनि भूमिका हुन्छ ।

यसरी आधार र अधिरचनाको भूमिका दोहोरो नै हुन्छ । एकातिर अधिरचनाले आधारलाई अभिव्यक्त गर्नुका साथै वैधता प्रदान गर्दछ भने अर्कातिर आधारले अधिरचनाका रूप र अन्तर्वस्तुको निर्माण र निर्धारण गर्दछ (स्टोरी, ६०) । निष्कर्ष के हो भने आधार (उत्पादन सम्बन्ध र पद्धति) केन्द्रीय वा निर्णायक हुन्छ भन्ने कुरालाई यान्त्रिक ढङ्गले र अन्यले आरोप लगाएझैं साँच्चिकै आर्थिक सङ्कुचनवादी ढङ्गले लिनु हुँदैन र एङ्गेल्सले भनेझैं कलासाहित्यको समाजरूपान्तरण वा ऐतिहासिक परिवर्तनमा महत्वपूर्ण भूमिका हुन्छ भन्ने कुरालाई पनि आत्मसात् गर्नु पर्छ । यसले सम्बद्ध कालखण्डको आधारलाई मात्र अभिव्यक्त गर्दैन अपितु त्यसको रूपान्तरणमा समेत सहकारी भूमिका निर्वाह गर्दछ ।

***कलाको चरित्र र प्रकार्य : सत्यम्, शिवम् र सुन्दरम्***

कलाका संज्ञानात्मक, सङ्कल्पात्मक/विचारधारात्मक र सौन्दर्यात्मक तिन भूमिका हुने कुराप्रति मार्क्सवादी कलाचिन्तन स्पष्ट छ । संज्ञानात्मक भूमिका यथार्थको बोध वा संज्ञान गराउने कुरासँग सम्बन्धित छ । आफ्नो यथार्थवादी चरित्रका कारण कलाले जीवनजगत् वा हामी बाँचेको समाजको सुखद/दुःखद (प्रहसनात्मक/दुःखान्त), सुन्दर/कुरूप, अपेक्षित/अनपेक्षित यथार्थको बोध गराउँछ । तर त्यसको प्रक्रिया बिम्बात्मक वा पुनःसिर्जनात्मक हुन्छ । यसले सुन्दर/कुरूप यथार्थका जुनसुकै पक्षको सरदर र यथातथ्यात्मक (फोटोकपीमूलक) होइन, उदात्तीकृत र प्रारूपीकृत पुनः सिर्जन गर्दछ । कलासाहित्यमा अधिरचनाका अन्य रूपले गर्ने यथार्थको प्रस्तुतिभन्दा भिन्न र भव्य हुन्छ ।

कला स्वभावैले सुन्दर हुन्छ । सुन्दर हुनु कलाको आधारभूत वैशिष्ट्य हो । कालीगढीपूर्ण आङ्गिक विन्यासबाट कलाले सौन्दर्य प्राप्त गर्दछ र यही सुन्दर हुनुका कारण यसले मान्छे (भावक)का रागात्मक आवश्यकता पूरा गर्ने वा आत्मिक जगत्लाई प्रभावित/आह्लादित गर्ने र तुष्ट गर्ने काम गर्दछ ।

केवल सुन्दरका तत्व हुनुका कारण मात्र आत्मिक जगत्को तुष्टि गर्ने काम कलाले गर्दैन । सुन्दरका तत्व अन्तर्वस्तुलाई व्यक्त गर्ने माध्यम हुन् र अन्तर्वस्तुको ओज र उपयोगिताले नै मुख्य रूपमा आत्मिक जगत्लाई प्रभावित तुल्याउने सामर्थ्य राख्दछ । त्यसका निमित्त यथार्थको उदात्त पुनः सिर्जन र संसार बदल्ने अर्थात् कुरूपलाई सुन्दर बनाउने विचारको साहचर्य आवश्यक हुन्छ । यसरी बन्ने अन्तर्वस्तुका अभावमा सुन्दरका तत्वले मात्रै कलालाई सार्थक र प्रभावकारी बनाउन सक्दैनन् । अर्को ढंगले समष्टिमा भन्दा संज्ञान (यथार्थ), सङ्कल्पना/विचार (भौतिकवादी दृष्टिकोण) र सुन्दरका तिनै तत्वको उच्च संयोजनमा कलाले आत्मिक जगत्को तुष्टि र परिष्करणको काम गर्दछ ।

***कलाको वर्गचरित्र***

मूल्याङ्कनका सन्दर्भमा माओले राजनीतिक र कलात्मक दुई मापदण्डको कुरा अघि सार्नु भएको छ र संशोधनवादी एवं पुँजीवादी वृत्तबाट यसको आलोचना पनि भएको छ । वास्तवमा कलाको मूल्याङ्कनका मापदण्डबारे माओको दृष्टिकोण पूर्णतः मार्क्सवादी छ र त्यो कलाको वर्गचरित्र सम्बन्धी अवधारणामा अडिएको छ । अझ अर्को प्रकारले भन्ने हो भने अहिलेसम्म सबैले संसारको व्याख्या मात्र गरेका छन्, मुख्य काम यसलाई बदल्ने हो भन्ने मार्क्सको (र मार्क्सवादको) प्रख्यात भनाइ नै यसको आधार हो । यो संसार वर्गीय छ, त्यस कारण संसारमा वर्गीय उत्पीडन कायम छ । संसारमा वर्गीय (र अन्य प्रकारका समेत) उत्पीडन छ र नै यो संसार कुरूप छ । त्यसैले यसलाई बदल्न जरुरी छ । त्यस दायित्वबाट कलासाहित्य पनि पृथक् वा निरपेक्ष रहँदैन । अनि त्यो दायित्व निर्वाह गर्न कलाले कुरूपताको विरोध/आलोचना र सुन्दर/मुक्तिचेतना/उत्पीडित वर्गको पक्षपोषण गर्दछ, गर्नै पर्दछ ।




मार्क्सवादी कला चिन्तनसम्बन्धी उपर्युक्त विमर्शपछि अब निष्कर्षमा मार्क्सवादी दृष्टिमा सार्थक र सुन्दर कलाका अभिलक्षणहरूलाई यसरी सूचीबद्ध गर्न सकिन्छ :

-मानव इतिहासमा भएका महान् प्रगति र परिवर्तन (जसलाई उत्तर आधुनिकतावादीहरू महाख्यानको संज्ञा दिन्छन्) प्रति गौरवबोध र आस्था/विश्वास भाव

-वर्तमानका सामाजिक अन्तर्विरोधको भेदन, वर्गसङ्घर्षको चित्रण र त्यसका सुन्दर पक्षको उदात्तीकरण/पुनः सिर्जन

-क्रान्ति, परिवर्तन र सुन्दर मानव भविष्यप्रति विश्वास,

-हिंसा वा आतङ्कको वर्गचरित्रको सकार र इतिहासका विशिष्ट परिवेशमा आतङ्कमा आनन्दको उपस्थिति बोध

-सबै प्रकारका मानवीय उत्पीडनको विरोध र मुक्तिको कामना

-औसत पात्रत्वभन्दा माथि उठेका नयाँ उदात्त नायकको निर्माण

-जीवन यथार्थको सत्यनिष्ठ संज्ञान

-अमूर्तन र अर्थनर्तन (एपोरिया)को विरोध र मूर्त एवं अर्थपूर्ण सिर्जना

-सत्यको सापेक्ष र वस्तुगत सत्ता हुने कुराप्रति विश्वास

-सुन्दर पक्षको केन्द्रणमा जीवनका सुन्दर र कुरूप दुवै पक्षको कालीगढीपूर्ण बिम्बात्मक पुनः सिर्जन

यी बुँदाहरूले कलासम्बन्धी मार्क्सवादी चिन्तनका मूलभूत पक्षलाई स्पष्ट पार्दछन् । यिनै अभिलक्षणका आधारमा कला आफ्नो युगको महाख्यान बन्छ । अनि, त्यसले पाठकका आत्मिक जगत्मा आह्लाद सिर्जना गरेर रागात्मक तुष्टि पनि दिन्छ भने सामाजिक परिवर्तनको प्रक्रियामा ऊर्जाको महान् स्विचबोर्ड (शब्द कडवेलका) बनेर विशिष्ट भूमिका पनि निर्वाह गर्दछ ।

## कविता

### दक्षिणपन्थ रिटर्न



● प्रा.डा.जगदीशचन्द्र भण्डारी

*शोषण र उत्पीडनको*
*अन्त्य*
*अत्याचारको समाप्ति*
*ठिहिऱ्याउने गरिबीबाट*
*मुक्ति*
*त्यो अन्तिम युद्ध*
*मानवीय जिन्दगीको*
*उज्यालो आशा*
*जे जति जडता र*
*जे जति रुढता*
*ती सबै सबैबाट*
*फुत्कँदै चुँडाल्दै*
*शताब्दीयौंदेखिका साङ्ला*

*हिँडियो अँध्यारोसँगै*
*बोलियो सपनाको बन्दुक*
*भयभीत भइएन*
*कहिल्यै पनि*
*गरिएन माया*
*आफ्नो*
*साँघुरो जिन्दगीको*

*गाइयो गीत*
*भविष्यको*
*अजङ्का पहाड*
*भत्काइयो र*
*बनाइयो सुन्दर बाटो*
*जहाँ जहाँ हिड्यौ*
*तिमी*
*जहाँ जहाँ भन्यौ*
*तिमीले*
*हिँडियो मानियो*
*इमान्दार मानिस भई*
*कत्ति पनि थाहा पाइएन*
*कत्ति बेला*
*बदलिएछौ तिमी*
*क्रान्तिकारीबाट*
*एक्कासी*
*दक्षिणपन्थमा रिटर्न्स्*
*विचारमै सरेन्डर गरी*
*संशोधनवादमा पतन*
*भएछौ*
*मूर्दा मानिस झैं*
*पत्तै पाइएन*
*विचारको अग्राखीपनमा*
*आगो लगाई*
*कहिले स्खलित*
*कहिले क्षरित*
*भएछौ*
*अगाडिबाट*
*एक्कासि पछाडि*
*फर्किएछौं*
*दक्षिणपन्थमा*
*रिटर्न भएछौ*
*अगाडि बढ्ने*
*मानिसहरू भन्छन्*
*अन्तिम युद्ध अर्थात्*
*क्रान्तिबाट पलायन*
*दक्षिणपन्थमा रिटर्न*

सूचना
राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको प्रकाशन विभागद्वारा प्रकाशित भएको विचारप्रधान त्रैमासिक
'वर्गबोध'
बजारमा उपलब्ध छ, आफ्नो प्रति बेलैमा सुरक्षित गरौं ।
प्रकाशन विभाग
वर्गबोध त्रैमासिक

## आलोपालो

### वैज्ञानिक समाजवाद स्थापनाका लागि

# काल्पनिक समाजवादविरूद्ध मार्क्स-एङ्गेल्सको सङ्घर्ष


● हुकुमबहादुर सिंह

काल्पनिक समाजवाद भनेको पूर्व मार्क्सवादी समाजवादको प्रमुख धारालाई वर्णन गर्नका लागि प्रयोग गरिएका शव्द हो । यो धारा १८औं शताब्दीको अन्त्य र १९औं शताब्दीको पहिलो आधामा उत्पत्ति र विशिष्ट विकास भयो । काल्पनिकहरू भन्ने शब्द (कल्पनाको विचारबाट ल्याइएको थियो, जसको अर्थ समाज परिवर्तनको अनुमान थियो, जहाँ प्रत्येक कुरा पूर्ण हुन्छ) र 'समाजवाद' पहिलो पटक १८३० को दशकमा लोकप्रिय बने । तिनीहरू विचारकहरूको एउटा समूहवारे वर्णन गर्न प्रयोग गरियो, जसले मानव स्वभावमा प्राप्त व्यक्तिवाद, स्वार्थिपन र प्रतिष्पर्धात्मक हटाएर एउटा बढता समानतावादी आधारमा समाज रूपान्तरण गर्ने सिद्धान्त विकास गरे । ती चिन्तकहरू धेरै अथवा तिनीहरूका अनुयायीहरूले आदर्श समुदायहरू जहाँ सबै सदस्यहरूले सहकारीको आधारमा काम गर्दथे, बस्दथे र उनीहरूको कामको फलहरू बाँडफाँड गर्दथे । तिनीहरूले विश्वास गर्दथे कि यस्ता आदर्श समुदायहरूले उदाहरण प्रस्तुत गर्ने छन् ताकि समाजमा बाँकीले अनि त्यसलाई अनुसरण गर्ने छन् । तिनीहरूले यसरी समाजवादको आफ्नो योजना निर्माण गर्नका लागि समाजमा वास्तविक प्रक्रियाहरूमाथि भर परेनन् ।

यसको अलवा तिनीहरूले सोंचेकी तिनीहरूका योजनाहरू र विचारहरूको वैज्ञानिक व्याख्या आफैमा जनतालाई बुझाउन र समाज परिवर्तन गर्न प्रयाप्त थियो । काल्पनिक समाजवाद पुँजीवाद अन्तरगत मजदुर वर्गको उत्पीडन र शोषणको पहिलो सर्वोत्तम प्रतिक्रिया थियो । गरिखाने जनताले सामन्तवादलाई फ्याँक्नका लागि ज्यादै कठिन लडाइँ लडेका थिए । तैपनि पुँजीपतिहरूको स्वतन्त्रता, समानता र भाइचाराका नाराहरूको अर्थ स्वतन्त्रता केबल पुँजीपति वर्गका लागि थियो र गरिखानेहरूमाथिको शोषणलाई अझ घनिभूत गराउनु थियो । विभिन्न समाजवादी मान्यताहरू पुँजीपतिहरू र मजदुरहरूबीच उत्पन्न भइरहेको अन्तरविरोधहरूको परिणाम शोषण विरूद्धको एउटा विद्रोहका रूपमा उत्पन्न भएका थिए । तिनीहरूले यस्तो प्रणाली निर्माणका लागि प्रयास गरे, जसले शोषितहरूलाई न्याय दिलाउन सक्दथ्यो ।

नयाँ समाजवादी सिद्धान्तहरूका लागि पुँजीवादी उत्पादनको अराजकता अर्को एउटा कारण थियो । काल्पनिक समाजवादीहरूले वुद्धिसंगत प्रणाली निर्माण गर्ने प्रयास गरे, जसले सद्व्यवहार र सौहाद्रपूर्ण तरिकाले मानवजातीका आवश्यकताहरूलाई पूरा गर्न सक्दथे । तिनीहरूमध्ये केहीले त पुँजीपतिहरू र सरकारी अधिकारीहरूलाई सम्झाउन कोशिस पनि गरे कि उनीहरूको समाजवादी प्रणालीहरू जहाँ ज्यादा बुद्धिसंगत र योजनावद्ध र त्यसकारणले भइरहेका पुँजीवादी प्रणालीभन्दा अनुकुल थियो । तिनीहरूले उनीहरूको परियोजनाहरूलाई धनीहरूबाट पैसा लिन यसरी पनि कोशिस गरे ।

पूर्व मार्क्सवादी समाजवादीहरू, जसलाई काल्पनिक समाजवादी भनिन्छन्, तिनीहरूका मान्यताहरूको प्रमुख खराबी यो थियो कि तिनीहरूसँग समाजमा बाहिर नआएका वर्ग अन्तरविरोधहरू र वर्ग सङ्घर्षहरूमा वास्तविक रूपले आधारित थिएन् । यद्धपि तिनीहरूका विचारहरू समाजभित्रका वर्ग सङ्घर्षहरूका आफैमा उत्पादन थिए । काल्पनिक समाजवादीहरूले त्यसलाई महशुस गरेनन् कि समाजवाद प्राप्त गर्नका लागि वर्गसङ्घर्ष पूर्णत आवश्यक थियो । ता पनि उनीहरूका विचारहरू सही मानेमा वालक सर्वहाराको उत्कट चाहनाहरूको एउटा परावर्तन थियो, काल्पनिक समाजवादीहरूले समाजवाद ल्याउनमा सर्वहाराको क्रान्तिकारी भूमिकाको केन्द्रीय महत्व स्विकार गरेनन् ।

जव मार्क्स र एङ्गेल्स समाजवादी कम्युनिष्ट समूहहरूसँग सम्पर्कमा आउनु भयो, उहाँहरूले काल्पनिक समाजवादका अनुयायीहरूलाई उनीहरूका विचारहरूको असान्दर्भिकताका वारेमा सम्झाउने कोशिस सुरू गर्नु भयो । उहाँहरूले विभिन्न क्रान्तिकारी र मजदुर वर्ग समूहहरूमा चल्ने बहस, छलफलमा निरन्तर गहन रूपले भाग लिदै जानु भयो, जहाँ ती सिद्धान्तहरू र विचारहरू बहस र छलफल गरिने गरिन्थ्यो । उहाँहरूको प्रमुख लक्ष्य समाजवादी सिद्धान्तलाई वैज्ञानिक आधार दिनु थियो । यसका लागि उहाँहरूले पहिलेका समाजवादीहरूका खरावीहरू र गलत सोंचाइहरूलाई भण्डाफोर गर्दै खुलस्त पार्नु थियो र समाजवादलाई वर्गसङ्घर्षको मार्क्सवादी सिद्धान्तको ठोस आधारमा स्थापित गर्नु थियो ।

किनभने मार्क्सले आफैले वर्गसङ्घर्षको सिद्धान्त आफूद्वारा कुनै नयाँ चीज पत्ता लगाइएको थिएन भनेर बताइसक्नु भएको थियो । वास्तवमा पहिलेका समाजवादीहरू र पुँजीवादी लेखकहरू समेत यसबारे धेरै सचेत थिए र वर्गसङ्घर्ष र वर्गहरूवारे उनीहरूले निकै लेखेका थिए । ता पनि वर्गसङ्घर्षको मार्क्सवादी सिद्धान्तको अत्यावश्यक फरक यो हो कि यसले (वर्गसङ्घर्षले) समाजवाद र साम्यवादतर्फ अनिवार्यत लैजान्छ ।

मार्क्सले देखाउनु भयो कि प्रथम कुरा त वर्गहरू यस्ता चीज होइनन्, जो मानव समाजमा सधैभरि अस्तित्वमा छन् । उहाँले देखाउनु भयो कि मानव इतिहासमा एउटा लामो अवधि थियो । जब त्यहाँ कुनै पनि वर्गहरू थिएनन् (आदिम साम्यवादको अवधिमा) भविष्यमा पनि एउटा अवधि हुनेछ, जब त्यहाँ फेरी वर्गहरू हुने छैनन् । दोस्रो, मार्क्सले खासगरी वर्तमानको सर्वहारा र पुँजीपतिबीचको सङ्घर्षको विश्लेषण गर्नु भयो र देखाउनु भयो कि कसरी यो वर्गसङ्घर्षले मजदुरद्वारा क्रान्तितर्फ अनिवार्य रूपले लैजाने छ र सर्वहारा वर्गको अधिनायकत्व, त्यो भनेको समाजवादको स्थापना गर्ने छ । तेस्रो, मार्क्सले देखाउनु भयो कि यो सर्वहारा वर्गको अधिनायकत्व आफैमा संक्रमणको एउटा अवधि थियो । सर्वहाराले एउटा वर्गका रूपमा आफैलाई र सवै वर्गहरूलाई ध्वस्त पारेर एउटा वर्ग विहिन समाज जसलाई साम्यवाद भनिन्छ, को स्थापना गर्दै विकास गर्न सक्ने छ ।

वर्गसङ्घर्षको यो सिद्धान्त हो जसलाई मार्क्स र एङ्गेल्सले विकास गर्नु भयो, प्रचारप्रसार गर्नु भयो र आफ्नो जीवनभर व्यवहारमा लागु ...बाँकी ७ पेजमा

## कम्युनिस्ट...

श्रेष्ठलाई उहाँकै निवास पुल्चोक नारायणगढबाट बाजागाजासहितको शोभायात्रासहित श्रेष्ठको नागरिक अभिनन्दन गरिएको थियो ।

नारायणगढको पुलचोकबाट सुरु भएको शोभा यात्रा उद्योग वाणिज्य संघको भवन नारायणगढमा पुगेर नागरिक अभिनन्दनमा परिणत भएको थियो । श्रेष्ठलाई नागरिक अभिनन्दन गरिने समारोहमा बरिष्ठ वामपन्थी व्यक्तित्व पुष्पगोपाल श्रेष्ठको प्रमुख अतिथ्यता रहेको थियो ।

नागरिक अभिनन्दन मूल समितिका संयोजक यमुनाप्रसाद न्यौपानेले जगतबहादुर श्रेष्ठ सारै सरल, कम्युनिस्ट विचारधारा बोकेका एक असल र देशभक्त व्यक्ति भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'सबभन्दा ठूलो उहाँको गहना भनेको देशभक्ति हो । त्यसको अलावा उहाँ सानैदेखि कम्युनिस्ट विचारधारामा लागेर हाल पनि क्रान्तिकारी विचारका धनी हुनुहुन्छ । जगतबहादुर श्रेष्ठ देशभक्त तथा प्रगतिवादी साहित्यकारको रूपमा पनि स्थापित हुनुहुन्छ ।

नागरिक अभिनन्दन कार्यक्रममा क्रान्तिकारी माओवादीका पोलिटव्यूरो सदस्य तथा ३ नं. प्रदेश सचिव दिनेश शर्मा,'सागर', केस ईश्वरचन्द्र ज्ञवाली, केस तथा चितवन जिल्ला इन्चार्ज अम्बिका मुडभरी, प्रदेश सांसद मिलनबाबु श्रेष्ठ, विजय सुवेदी, नयाँ शक्ति पार्टीका नेता विष्णुहरि तिमिल्सिना, नेकपाका नेता लालबहादुर विसीलगायतले अभिनन्दित व्यक्तित्व श्रेष्ठका बारेमा मन्तव्य प्रस्तुत गरेका थिए । कार्यक्रममा जगतबहादुर श्रेष्ठका बारेमा विभिन्न व्यक्तिहरूले लेखेका लेखहरूको सँगालो 'जगत अभिनन्दन ग्रन्थ' सार्वजनिक गरिएको थियो ।

जगतबहादुर श्रेष्ठ वि.सं. १९८६ मा जौवारी, गोर्खामा जन्मनु भएको हो । २०१० सालमा नेपाल राष्ट्रिय विध्यार्थी फेडरेशनको जिल्ला सदस्य हुँदै विध्यार्थी राजनीतिमा प्रवेश गर्नुभयो । २०१० सालमै उहाँको हिम्कमत सिंह भण्डारी, निर्मल लामा, पुष्पलाल श्रेष्ठ लगायतका नेताहरूको सम्पर्क भयो । २०१४ सालको भद्र अवज्ञा आन्दोलनमा गिरफ्तार भई उहाँ भद्रगोल जेलमा बस्नुभयो ।

२०१५ सालमा भएको आम निर्वाचनमा उहाँ गोर्खाबाट कम्युनिस्ट पार्टीको तर्फबाट उम्मेदवार बन्नुभयो । त्यसबेला भरत शम्शेर, कृष्णप्रसाद भट्टराई र जगत श्रेष्ठका बीचमा प्रतिस्पर्धा भएको थियो । २०१६ सालमा उहाँले चितवनको प्रा.वि.मा अध्यापन गर्न थाल्नुभयो र गौरीभक्त प्रधान, पुण्यप्रताप राणा लगायतसँगै कम्युनिस्ट राजनीतिमा सक्रिय हुनुभयो ।

२०२४ सालमा चितवनमा गठन भएको स्वतन्त्र समूह (ननसेन्टर ग्रूप)को संस्थापक सदस्यहरूमा आनन्ददेव भट्ट, डा. माथुराप्रसाद श्रेष्ठ, गुणराज घले, र जगतबहादुर श्रेष्ठ थिए । सो समूहको केही समय पुष्पगोपाल श्रेष्ठ सेक्रेटरी बनेका थिए । पछि २०२८ सालमा यो समूह विघटन भई केन्द्रीय न्युक्लियसमा संलग्न हुन पुग्यो । त्यसबेला भएको तिल्काने किसान संघर्षमा जगतबहादुर श्रेष्ठले नेतृत्वदायी भूमिका खेल्नुभयो ।

२०३१ सालको चौथो महाधिवेशन, नेकपा (मसाल), नेकपा (एकताकेन्द्र) हुँदै नेकपा (माओवादी) का रूपमा निरन्तर मार्क्सवाद-लेनिनवाद-माओवाद, नयाँ जनवाद र महान जनयुद्धको धारामा आबद्ध हुँदै उहाँ माओवादी आन्दोलनको पछिल्लो विभाजनमा पनि नेकपा-माओवादी हुँदै नेकपा (क्रान्तिकारी माओवादी)ले नेतृत्व गरेको क्रान्तिकारी धारामा उभिनु भएको छ । २०११ सालमा कम्युनिस्ट पार्टीको सदस्यता लिएका श्रेष्ठ देश, जनता, क्रान्ति र मालेमावादी सिद्धान्तप्रति निष्ठावान रहँदै आउनु भएको छ । उहाँका लेखहरूको संग्रह 'जगत श्रेष्ठका निवन्धहरू' र 'मेरो धर्ती' नामक कविता संग्रह प्रकाशित छ ।


शुभकामना

नेपालीहरूको महान् पर्व शुभ दीपावली, नेपाल सम्वत् ११३९ एवम् छठ पर्व २०७५ को पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो: केशबराज पौडेल
संरचना हार्डवेयर परिवार
कञ्चन गाँउपलिका- गरगरे, रूपन्देही














प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : सचिरनन्द महर्जन, फोटो: जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।